का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ असोज २०८३
सोमबार
21 September 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु





**एमाले पुनर्गठन विवाद**

# अब केन्द्रीय कमिटीमा

## ■ कार्यदलबाट गलेनन् ओली

चार महिनादेखि अल्झिएको एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले तीनवटा प्रतिवेदन मिलाएर साझा प्रतिवेदन सचिवालयमा बुझाएको छ। प्रतिवेदनबाट तत्काल नेतृत्व पुनर्गठनको विषय हटाइए पनि ओलीको निरन्तरता र नेतृत्व हस्तान्तरणको बहस टुंगिएको छैन। सोमबारदेखि सुरु हुने केन्द्रीय कमिटी बैठकमा यही विषय फेरि निर्णायक बहस बन्नेछ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ४ असोज

चार महिना लामो रस्साकस्सी, विवाद र ध्रुवीकरणपछि नेकपा एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले सर्वसम्मत प्रतिवेदन सचिवालयमा बुझाएको छ। कार्यदलभित्र नेतृत्व पुनर्गठनको विषयमा सहमति जुट्न नसकेपछि विभिन्न चरणमा तयार भएका प्रतिवेदनलाई मिलाएर साझा प्रतिवेदन तयार गरिएको हो। यद्यपि नेतृत्व पुनर्गठनको बहस भने टुंगिएको छैन।



सचिवालयले बुझेको प्रतिवेदनलाई सोमबार बस्ने केन्द्रीय कमिटी बैठकमा पेश गर्ने र केन्द्रीय कमिटीबाटै त्यसको छिनोफानो हुनेछ।

**■ पद्मा अर्याल**
**सचिव**

एमालेले गत जेठ १० मा गठन गरेको संगठन पुनर्गठन तथा निर्वाचनसम्बन्धी समीक्षा कार्यदलले ढिला गरी भदौ अन्तिमतिर मात्रै प्रतिवेदन छलफलमा ल्याएको थियो। उपाध्यक्ष रामबहादुर थापा 'बादल'को संयोजकत्वमा गठन भएको कार्यदलमा महासचिव शंकर पोखरेलले पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणलाई प्राथमिकता दिएपछि विवाद सुरु भएको थियो।

सातवटै प्रदेश, उपत्यका र जनवर्गीय संगठनसमेत गरी १३ वटा समूहबाट आएका सुझावका आधारमा नेतृत्व पुनर्गठन गर्नुपर्ने पोखरेलले आफ्नो प्रतिवेदनमा स्पष्टसँग लेखेका थिए। निर्वाचनमा भएको पराजयको जिम्मेवारी लिँदै अध्यक्ष केपी शर्मा ओलीले मार्गप्रशस्त गर्नुपर्ने सुझाव पोखरेलको प्रतिवेदनमा थियो।

तर, कार्यदल संयोजक बादलले वर्तमान नेतृत्वको निरन्तरताको पक्षमा छुट्टै प्रतिवेदन तयार पारे। दुई प्रतिवेदनमा सहमति जुटाउन गत भदौ २९ मा काभ्रेको बल्थलीमा कार्यदलको आवासिय बैठक बसेको थियो। त्यहाँ पनि सहमति नजुटेपछि बादल, उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेललाई दुवै प्रतिवेदन समायोजन गरी साझा प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको थियो। असोज १

>>> पृष्ठ २ मा

### चुनावी हारको तीनथरी विश्लेषण

गत निर्वाचनमा नमिठो पराजयको ६ महिनापछि कार्यदलमार्फत समिक्षा गर्दा एमालेले तीन थरी निष्कर्ष निकालेको छ। कार्यदलका संयोजक बादल र सदस्य सचिव पोखरेलका प्रतिवेदन समायोजन गर्ने जिम्मेवारी पाएका केन्द्रिय सदस्य प्रदिप ज्ञवालीको निर्वाचन परिणामको कारणबारे फरक व्याख्या गरिएको छ। सार्वजनिक भएको प्रतिवेदनअनुसार उनले निर्वाचनमा भएको पराजय व्यक्तिविशेषका कारण मात्र नभएको निष्कर्ष राखेका छन्। पार्टी वैचारिक-राजनीतिक प्रशिक्षण, सांगठनिक सुधार र एकताबद्ध प्रयासबाट पुनःस्थापित हुन सक्ने ज्ञवाली प्रतिवेदनमा छ। जबकी, महासचिव पोखरेलले तयार पारेको प्रतिवेदनमा भने कार्यकर्ताबाट संकलित सुझावका आधारमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषयलाई महत्वपूर्ण एजेन्डा बनाइएको थियो।

उनले भनेका छन्, 'पार्टीले तीन पुस्ताको संयोजनको नीतिलाई ठोस योजना बनाएर अघि बढाउनुपर्दछ। यसका लागि पार्टीमा नेतृत्व निर्माण र हस्तान्तरणको सहज

>>> पृष्ठ २ मा




# छैन जीवितै उद्धारको आशा



टिमुरेदेखि पश्चिम नवलपरासीसम्म कुनै पनि ठाँउमा शव नछुटोस् भनेर खोज तथा उद्धारको काम भइरहेको छ। बाढी पसेको ठाउँमा धेरै भग्नावशेषहरु, खोला किनारमा पुरिएका शवहरुको खोज तथा उद्धारका लागि कुकुरसहित परिचालन गरिएको छ।

**● नेत्रबहादुर कार्की**
**प्रवक्ता, सशस्त्र प्रहरी बल**



आयोजनाका सुरुङ तथा निर्माणस्थलमा फसेका कामदारको अवस्था यकिन गर्न सुरक्षाकर्मी तथा उद्धार टोलीले खोजीलाई तीव्रता दिएको छ। जीवितै भेटिने आशा कम भए पनि बाढीप्रभावित क्षेत्र सबैमा खोज तथा उद्धारको काम भइरहन्छ।

**● राजाराम बस्नेत**
**प्रवक्ता, नेपाली सेना**

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ४ असोज

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरुङभित्रबाट २४ जनाको शव निकालिएको छ। जलविद्युत करिडोरका सुरुङमा खोजी कार्य चलिरहँदा तीन सातासम्म परिवारले जिवितै उद्धारको झिनो आशा राखेका थिए। तर, अब त्यस्तो सम्भाव्य क्षेत्र करिबकरिब सकिएको छ। भोटेकोशी विनाशकारी बाढी आएको २५ दिनपछि उद्धारकर्मीको ध्यान शव खोजी र उत्खननमा केन्द्रित हुन थालेको छ।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीपछि माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत ठूलो संख्याका कामदार सम्पर्कविहीन भएका थिए। आयोजनाका अनुसार बाढी आउनुअघि त्यहाँ १ हजार ४३३ जना कामदार कार्यरत थिए। तीमध्ये ९३६ जना सम्पर्कमा आएका छन् भने ४९२ जना अझै सम्पर्कविहीन रहेको नेपाली सेनाले जनाएको छ।

सेनाका अनुसार, माथिल्लो त्रिशूली-१ को सुरुङभित्र आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले खोजी गरिरहेको छ। खोजीका क्रममा फेला परेका मानव अंग तथा शव निकाल्ने काम भइरहेको छ। त्रिशूली-३ 'ए' को सुरुङ तथा पावरहाउस क्षेत्रमा समेत खोजी जारी छ।

त्रिशूली-३ 'बी' मा नेपाली सेनासहितको संयुक्त टोलीले एक्साभेटर र लोडर प्रयोग गरी पावरहाउस रहेको स्थानमा उत्खनन गरे पनि हालसम्म केही फेला नपरेको जनाइएको छ।

> भोटेकोशी बाढीको २५ दिनपछि जलविद्युत् आयोजनाका सुरुङमा जीवितै उद्धारको सम्भावना सकिएको छ। माथिल्लो त्रिशूली-१ बाट मात्रै २४ शव निकालिएका छन्। बाढीमा बेपत्ता ६ हजार १४५ मध्ये अहिलेसम्म १ हजार ४१० शव फेला परेका छन्। तर १०५ जनाको मात्रै पहिचान भएको छ।

रसुवा र नुवाकोटका त्रिशूलीपारि कोलोनी, तुप्चे, दानसिङ, सामरी भञ्ज्याङ, कालिकास्थान, मान्चेतलगायत प्रभावित क्षेत्रमा बेस स्थापना गरी नेपाली सेनाले पैदल गस्तीमार्फत खोजी गरिरहेको छ। स्याफ्रुबेँशी क्षेत्रमा तीन वटा समूह परिचालन गरी खोजी कार्य भइरहेको नेपाली सेनाले जनाएको छ।

सुरुङभित्र ढलानका लागि बुनिएको डन्डीको जालीमा अल्झिएको र बाक्लो हिलोमा पुरिएको अवस्थामा प्राविधिक उपकरण ग्यास कटर र ग्रिन्डर प्रयोग गरी शवहरू बाहिर निकालिएका हुन्।

### शव खोजीमा सुरक्षाकर्मी

चिलिमे जलविद्युत् आयोजनाको सुरुङ एवं भूमिगत विद्युतगृह (पावरहाउस) क्षेत्रबाट चार वटा शव र एक मानव अंग फेला

>>> पृष्ठ २ मा

# सेवा दलमा खुम्च्याइयो सेनाको अधिकार

## हट्यो बहालवाला सैनिकले नै सेवा दलको तालिम दिनुपर्ने व्यवस्था

सेवा दलको तालिम विद्यार्थीमा मात्र सीमित नरहने व्यवस्था कायम छ। यसआधारमा विद्यार्थीबाहेक अन्य व्यक्ति वा संस्थालाई पनि तालिम दिन सकिने छ।



विद्यार्थीमा देशप्रेम, जनसेवा र राष्ट्रिय एकताको भावना जगाइ नैतिक र अनुशासित बनाउने तथा राष्ट्रिय आवश्यकताको आधारमा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र राष्ट्र सेवामा खटाउन सक्ने उद्देश्य छ।

**■ हरि ढकाल**
**सभापति, राज्य व्यवस्था तथा सुशासन समिति**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असोज

सोमबार प्रतिनिधिसभाबाट राष्ट्रिय सेवा दल विधेयक २०८३ पारित गरिँदैछ। दिउँसो १ बजे बस्ने बैठकमा प्रधानमन्त्री तथा रक्षामन्त्री बालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले यो विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ। छलफलपछि विधेयक पारित गरेर राष्ट्रिय सभामा पठाउने तयारी छ।



प्रतिनिधिसभाबाट पारित हुन लागेको विधेयकमा सुरुमा आएका प्रवाधानहरू हेरफेर गरिएको छ। राष्ट्रिय सेवा दलसम्बन्धी विधेयकमा संशोधन गर्दै प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले हट्यो बहालवाला सैनिकले नै राष्ट्रिय सेवा दलको तालिम दिनुपर्ने व्यवस्था हटाएको छ।

यसले सेवा दलमा नेपाली सेनाको प्रत्यक्ष भूमिका केही खुम्च्याएको हो। सेवा दललाई नागरिक र गैरसैनिक प्रकृतिको बनाइएको छ।

नेपाली सेना अन्तर्गत सञ्चालन हुँदै आएको राष्ट्रिय सेवा दलले विद्यार्थीलाई अनुशासन, नेतृत्व, देशप्रेम तथा स्वयंसेवाको भावनासहितको तालिम दिँदै आएको छ।

प्रतिनिधिसभामा विचाराधीन नयाँ विधेयकले भने त्यस्तो सेवा दलको संरचना र सञ्चालनमा सेनाको भूमिकालाई केही सीमित गरेको हो।

मूल विधेयकमा रहेको बहालवाला सैनिक अधिकारीले नै सेवा दलको तालिम दिनुपर्ने व्यवस्था हटाएसँगै राष्ट्रिय सेवा दलको तालिम सैन्य अधिकारीमै सीमित रहने अवस्था अन्त्य भएको छ।

विधेयकमाथिको छलफलका क्रममा सांसदहरूले शिक्षाविद्, विपद् व्यवस्थापनमा काम गरेका व्यक्ति तथा सम्बन्धित क्षेत्रमा दक्ष व्यक्तिलाई समेत प्रशिक्षकका रूपमा सहभागी गराउनुपर्ने धारणा सुझाएका थिए। त्यसअनुसार सांसदहरूको संशोधन समेत परेको थियो। यसआधारमा संसदीय समितिले बहालवाला सैनिकबाटै तालिम दिनुपर्ने बाध्यकारी व्यवस्था

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सीपयुक्त वैदेशिक रोजगारीमा खासै भएन सुधार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको सीप सिकेर जाने प्रवृत्तिमा खासै सुधार हुन सकेको छैन। वैदेशिक रोजगार विभागबाट अघिल्लो वर्षको भदौ महिनाको तुलनामा यस वर्षको भदौ महिनामा गएका नेपाली श्रमिकको सीपको स्थिति हेर्दा खासै परिवर्तन देखिँदैन।

विभागका अनुसार गत वर्ष भदौमा ६७ हजार ९७२ जना नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाँदा १९ हजार १३५ जना अदक्ष श्रमिक गएका थिए। उक्त संख्या उक्त महिनामा वैदेशिक रोजगारीमा गएका कुल कामदारको २८.१५ प्रतिशत हो। यस वर्षको भदौमा ६० हजार ४२ जना नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाँदा १६ हजार ५८ जना अदक्ष श्रमिक गएका छन्। यो संख्या भदौमा वैदेशिक रोजगारीमा गएका कुल कामदारको २६.७४ प्रतिशत हो। प्रतिशतको फरक २ प्रतिशतभन्दा बढी देखिँदैन।

अदक्षको तुलनामा दक्षता हासिल गरेर जानेको संख्यामा पनि उल्लेख्य सुधार आउन सकेको छैन। यस वर्षको भदौमा ६० हजार ४२ जना नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाँदा ३४ हजार १६७ जना र अघिल्लो वर्ष भदौमा ६० हजार ४२ जना नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाँदा ३७ हजार ७० जना श्रमिक सीपयुक्त अवस्थामा रहेका थिए। यस वर्ष भदौमा सीप सिकेका कामदारको प्रतिशत ५६.९० र अघिल्लो वर्ष भदौमा ५४.५३ प्रतिशत देखिन्छ।

नेपाली सीपविहीन अवस्थामा वैदेशिक रोजगारीमा जाने धेरै कारण रहेका छन्। त्यसमध्ये वैदेशिक रोजगारीमा जाने युवायुवतीहरूसम्म प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच नपुग्नु, उपलब्ध तालिमहरू बजारमुखी नहुनु, मलेसिया र खाडीलगायतका मुलुकबाट आउने रोजगारीको अवसर तथा निर्माण र अन्य क्षेत्रमा अधिकांश अदक्ष कामदारको माग आउनु तथा पारिवारिक आर्थिक समस्या टार्न छोटो प्रक्रियाबाट बिनासीप विदेश जान बाध्य हुनुजस्ता प्रमुख कारण रहेको देखिन्छ।

नेपालबाट दक्षता हासिल गरेर जाने क्रम नभएको भने होइन। गत भदौको तथ्यांक अनुसार उच्चदक्ष १३ महिलासहित ८० जना, व्यावसायिक सीप भएका ५२ जना महिलासहित २७१ जना, अर्धदक्ष ९४९ महिलासहित ९ हजार ४६६ जना वैदेशिक रोजगारीमा गएका छन्।

दक्ष कामदारको तुलनामा कम तलब पाउने श्रमिकले समस्या भने धेरै व्यहोर्नुपर्ने श्रमिकहरू बताउँछन्। उनीहरूका अनुसार कामको तुलना वा सम्झौता गरिएको भन्दा कम

>>> पृष्ठ २ मा

**बिल लिने र दिने बानी बसालौं**

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

**सचेत उपभोक्ता बनौं,**
**स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# रात्रिकालीन बस सेवा सञ्चालन गर्न उपत्यकाका नौ स्थानीय तह तयार

**काठमाडौं / मस-** काठमाडौं उपत्यकामा रात्रिकालीन बस सेवा सञ्चालन गर्न नौ स्थानीय तह एउटै कार्यक्रममा आबद्ध भएका छन् । काठमाडौं महानगरपालिकाको नेतृत्वमा साझा यातायातसँग सहकार्य गरेर गत वैशाख १ गतेदेखि परीक्षणका रूपमा सञ्चालन गरिएको रात्रिकालीन यातायात सेवालाई विस्तार गरेर अगाडि बढाउन आवश्यकताका आधारमा दायित्व बहन गर्नेगरी स्थानीय तह साझा कार्यक्रममा आबद्ध भएका हुन् ।




रातको समयमा आवतजावत गर्ने सर्वसाधारण, व्यवसायी, उद्यमी, श्रमिक, अस्पताल जाने बिरामी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउने उद्देश्यसहित संविधान दिवसको दिन स्थानीय तहका प्रमुखहरूले साझा यातायातसँग समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका तथा बुढानीलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, चन्द्रागिरि नगरपालिका, कीर्तिपुर नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिकाले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । साझा यातायातका तर्फबाट अध्यक्ष सुशीलराज प्याकुरेलले हस्ताक्षर गरेका छन् । साझा यातायातको कार्यालयमा आयोजित समारोहमा समझदारीपत्रमा हस्ताक्षर गरिएको हो ।

त्यससँगै छ वटा रुटमा ३० वटा बस सञ्चालन थालिएको छ । कार्यक्रममा काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले संविधानले नागरिकका लागि प्रत्याभूत गरेका आधारभूत आवश्यकताको पहुँच बढाउँदै जाने क्रममा रात्रिकालीन बस सेवालाई थप विकास र विस्तार गर्दै लगिएको बताइन् ।

'परीक्षण कालमा अभ्यास गरिएको दुई वटा रुटमा चार वटा थपेका छौं । सात वटा गाडीलाई ३० वटा पुऱ्याएका छौं । चार वटा नगरपालिकाको सहकार्यमा नौ वटा पुगेका छौं । यसलाई अझ विस्तार गर्ने र आवश्यकताका आधारमा आर्थिक दायित्व पनि वहन गर्ने गरी सहकार्य थालेका छौं । अब यो सेवा रोकिँदैन । निरन्तर र दिगो रूपमा चल्छ,' डंगोलले भनिन् ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले उपत्यकावासीको यातायात सहजताका लागि संघ सरकारबाट मेट्रो सञ्चालन गर्ने विषयमा योजना आउनुपर्ने भए पनि त्यसो हुन नसकेको बताए । मेट्रो नभएपछि बीआरटी (बस र्‍यापिड ट्रान्जिट) हुनुपर्ने भए पनि त्यसको समेत केही संकेत नदेखिएको उनले बताए ।

'संघीय सरकारबाट केही आएन भनेर हामीले चुप लाग्ने अवस्था छैन । यसकारण स्थानीयस्तरमा सञ्चालनमा ल्याउन सकिने प्रणालीमा सहकार्य थालेका छौं । यसलाई विकास र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिनेछौं,' महर्जनले भने ।

सर्वसाधारणले रातको समयमा सुरक्षित आवतजावत गर्ने एउटा भरपर्दो सेवा सुरु भएको बताउँदै उनले यसलाई नागरिकसँग जोडिएको ठूलो उपलब्धिका रूपमा उल्लेख गरे ।

साझा यातायातका अध्यक्ष प्याकुरेलले स्थानीय तहलाई अभिभावक बनाउन पाउनु साझा यातायातको इतिहासका लागि समेत ठूलो उपलब्धि भएको बताए । विस्तारित सेवाअन्तर्गत जगाती-सूर्यविनायक हुँदै ठमेलसम्म छ, साविक लगनखेल-बुढानीलकण्ठलाई विस्तार गरी गोदावरीसम्म छ, रिङरोडमा घडीको दिशामा र विपरीत दिशामा आठ, कीर्तिपुर-जमलमा चार, टाखेल-ठमेलमा दुई तथा साविक नागढुंगा-एयरपोर्ट रुटमा चार वटा बस सञ्चालन गरिनेछ ।

यसअघि लगनखेलबाट बुढानीलकण्ठ तथा नागढुंगाबाट एयरपोर्टसम्म राति ८ बजेदेखि ११ बजेसम्म सात वटा बसमार्फत नमुना सेवा सञ्चालन गरिएको थियो । सेवाको प्रभाव तथा मूल्यांकन र लाभलागत विश्लेषणका आधारमा नाफाघाटाभन्दा सेवा ठूलो विषय भएको निष्कर्ष निकालिएको थियो ।

रात्रिकालीन बस सञ्चालनमा लाग्ने खर्च यात्रुबाट प्राप्त हुने टिकट आम्दानीले धान्न नसकेमा त्यसबाट अपुग हुने रकमको ५० प्रतिशत सम्बन्धित सात वटा नगरपालिकाले समान रूपमा व्यहोर्ने सहमति गरिएको छ । बाँकी ५० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको जनसंख्याका आधारमा काठमाडौं महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत, ललितपुर महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत तथा अन्य सात नगरपालिकाले नौ प्रतिशतका दरले व्यहोर्ने सहमति भएको छ । सेवा सञ्चालन गर्न खर्च नपुग भए साझा यातायातले त्रैमासिक रूपमा रकम माग गर्ने सहमतिमा उल्लेख छ । रुटमा यात्रु चढ्ने तथा ओर्लने स्थान सम्बन्धित नगरपालिकाले निर्धारण गर्नेछन् । ती स्थानमा आर्थिक वर्ष २०८३/८४ भित्र डिजिटल साइनेज बोर्ड जडान गरी डिजिटल बस स्टप निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी साझा यातायातलाई दिइएको छ । सम्बन्धित नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् ।

# परराष्ट्र मन्त्रालयमा वातावरण कूटनीति शाखा स्थापना

**काठमाडौं/मस-**परराष्ट्रमन्त्रालयले जलवायु तथा वातावरणसम्बन्धी कूटनीतिक प्रयासलाई संस्थागत र प्रभावकारी बनाउन पहिलोपटक वातावरण कूटनीति शाखा स्थापना गरेको छ । जलवायु परिवर्तन र यसले पारिरहेको प्रभावलाई ध्यान दिँदै अहिलेको आवश्यकताअनुसार मन्त्रालयले उक्त शाखा स्थापना गर्ने निर्णय गरेको मन्त्री शिशिर खनालको सचिवालयले जनाएको छ ।




मन्त्रालयले गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) का आधारमा संयुक्त राष्ट्रसंघ तथा विशिष्टीकृत संघसंस्था महाशाखाअन्तर्गत 'आर्थिक, सामाजिक विकास तथा वातावरण कूटनीति शाखा'को संरचनाअन्तर्गत उक्त शाखा रहने व्यवस्था गरिएको हो ।

नेपालले जलवायु परिवर्तन तथा वातावरण संरक्षणका विषयमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा निरन्तर सक्रिय सहभागिता जनाउँदै आएको छ । यसै प्रयासलाई समन्वित र संस्थागत रूपमा अघि बढाउन वातावरण कूटनीति शाखा स्थापना गरिएको मन्त्रालयले जनाएको छ ।

नयाँ शाखाले जलवायु तथा वातावरणसम्बन्धी अन्तरराष्ट्रिय कूटनीतिक पहलमा सहजीकरण गर्नुका साथै सम्बन्धित राष्ट्रिय निकायहरूसँग समन्वय गर्नेछ ।

परराष्ट्रमन्त्री खनालले जलवायु कूटनीतिलाई अन्तरराष्ट्रिय सम्मेलन तथा कार्यक्रममा सहभागितामा मात्र सीमित नराखी दीर्घकालीन र संस्थागत प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने बताएका छन् ।

उनले राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन वा अन्य कार्यक्रममा सहभागिता जनाउने कुरामा मात्र केन्द्रित भएर जलवायु कूटनीतिको सामर्थ्य नबढ्ने बताएका छन् । मन्त्रालयले नयाँ शाखामार्फत जलवायु तथा वातावरणका विषयमा नेपालको कूटनीतिक पहललाई थप व्यवस्थित र प्रभावकारी बनाउने जनाएको छ ।

# भक्तपुर क्यान्सर अस्पतालमा पूर्वाधार अभाव

**भक्तपुर/मस-**भक्तपुरस्थित भक्तपुर क्यान्सर अस्पतालमा शय्या अभावका कारण बिरामी उपचार सेवा नपाई फर्कनुपर्ने अवस्था आएको छ । साँघुरो ठाउँमा अस्पताल सञ्चालन गर्नुपरेकाले बिरामीलाई उपचार सेवा प्रवाह गर्न समस्या भएको अस्पतालले जनाएको छ ।

अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने बिरामीलाई शय्या अभावका कारण फर्काउनुपरेको अस्पतालका निर्देशक डा.उज्ज्वल चालिसेले जानकारी दिएका छन् । अस्पतालमा क्यान्सर उपचारका सबै सेवा उपलब्ध भए पनि बिरामी राख्ने ठाउँको अभावमा उपचार गर्न नसकिएको उनले बताएका छन् । 'हामीसँग क्यान्सरको उपचारको सेवा सबै उपलब्ध छ, तर बिरामी राख्ने ठाउँ नभएर उपचार दिन सकेका छैनौं,' निर्देशक डा. चालिसेले भने । उनका अनुसार अस्पतालले दैनिक ३० जना क्यान्सरका बिरामीलाई भर्ना तथा डे-केयरमार्फत उपचार गर्नुपर्ने भए पनि शय्या अभावले समस्या भइरहेको छ । तीमध्ये १५ जना भर्ना गरेर उपचार गर्नुपर्ने र १५ जना डे-केयरका बिरामी रहेका छन् ।

शल्यक्रिया र रेडियसनका लागि दुई सातासम्म कुर्नुपर्ने बाध्यता रहेको अस्पतालले जनाएको छ । उपचारका लागि लामो समय कुर्नुपर्दा बिरामी महँगो उपचारका लागि निजी अस्पताल तथा भारत जान बाध्य भएका छन् ।

अस्पतालमा क्यान्सर उपचारका लागि करिब ९० प्रतिशत सुविधा भए पनि शय्या अभावका कारण बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था रहेको उनले बताएका छन् । नेपाल अर्बुद रोग निवारण सङ्घले सञ्चालन गर्दै आएको उक्त अस्पताल २०७७ सालमा सरकारले विकास समितिअन्तर्गत ल्याएर सरकारी अस्पताल बनाएको हो । अहिले भक्तपुर अस्पतालको जग्गामा संघले निर्माण गरेको भौतिक पूर्वाधारमा अस्पताल सञ्चालन भइरहेको छ । सरकारसँग पटकपटक आग्रह गरेर अस्पताललाई अन्यत्र सार्दै क्षमता विस्तार गर्न माग गरे पनि सुनुवाइ नभएको डा.चालिसेले बताएका छन् ।

## एमाले...

भित्रै दुवै प्रतिवेदन समायोजन गर्ने जिम्मेवारी तीन सदस्यीय कमिटीलाई दिइए पनि नेतृत्व हटाउने वा निरन्तरता दिने विषयमै नेताहरू अल्झिएपछि सहमति जुट्न सकेन ।

त्यसपछि अध्यक्ष ओलीको निर्देशनमा कार्यदल बाहिरका नेता प्रदीप ज्ञवालीलाई नयाँ प्रतिवेदन तयार गर्ने जिम्मा दिइयो । ज्ञवालीले तयार गरेको प्रतिवेदनमा देशभरबाट आएका सुझावलाई अनुसूचीमा राख्ने र नेतृत्वले मार्गप्रशस्त गर्न दिइएको सुझाव हटाइएको थियो । कार्यदलले आइतबार तीनवटै प्रतिवेदनका विषय समेटेर साझा दस्तावेज तयार गरी सचिवालयमा बुझाएको हो । सचिव पद्मा अर्यालले सचिवालयले प्रतिवेदन बुझेको जानकारी दिइन् । 'कार्यदलको प्रतिवेदन सचिवालयले बुझेको छ,' उनले भनिन्, 'सचिवालयले बुझेको प्रतिवेदनलाई सोमबार बस्ने केन्द्रीय कमिटी बैठकमा पेश गर्ने र केन्द्रीय कमिटीबाटै त्यसको छिनोफानो हुनेछ ।'

केन्द्रीय कमिटी बैठकअघि सोमबार बिहान ९ बजे फेरि सचिवालय बैठक बस्ने अर्यालले जानकारी दिइन् । सचिवालय बैठकले केन्द्रीय कमिटी बैठकका एजेन्डासमेत तय गर्नेछ । कार्यदलको बैठक लम्बिएपछि आइतबार दिउँसो १ बजे बस्ने भनिएको सचिवालय बैठक ३ बजेलाई सारिएको थियो ।

कार्यदलको प्रतिवेदनबाट तत्काल नेतृत्व पुनर्गठनको विषय हटाइए पनि एमालेभित्रको अन्तरसंघर्ष भने यथावत् छ । प्रतिनिधिसभा निर्वाचनमा भएको पराजयपछि सुरु भएको नेतृत्व परिवर्तनको बहसले पार्टीभित्र दुई धार स्पष्ट देखाएको छ । एक पक्ष तत्काल नेतृत्व पुनर्गठनको पक्षमा छ भने अर्को पक्ष अहिले नेतृत्व परिवर्तनको विषय उठाउँदा पार्टी थप कमजोर हुने तर्कमा छ ।

एमाले केन्द्रीय कमिटीमा अध्यक्ष ओलीकै पक्षमा बहुमत रहेको बताइन्छ । यही कारण पुनर्गठन पक्षधरले नेतृत्व परिवर्तनको विषय थाती राख्दै राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकतर्फ ध्यान केन्द्रित गराएका छन् । सम्भवतः सोमबारको केन्द्रीय कमिटी बैठकले परिषद् बैठकबारे निर्णय लिने छ ।

कार्यदलमा नेतृत्व पुनर्गठनको माग गर्दै आएका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले पुनर्गठनको विषय प्रतिवेदनको अनुसूचीमा मात्र राख्न सहमत भएको एमाले नेता प्रदीप ज्ञवालीले बताए । पार्टी नेतृत्वको पुर्नगठनभन्दा पनि राष्ट्रिय समस्याका विषयमा पहिला नेताहरूबीच एकाकार भएर समाधनतिर लाग्नुपर्ने आवश्यकताका बारेमा मन्थन भएको उनी बताउँछन् । 'अहिलेको अवस्थामा नेतृत्व पुनर्गठन वा अध्यक्ष हटाउने विषय प्राथमिकतामा राख्दा पार्टी थप कमजोर हुने अवस्था देखिएकाले वर्तमान राष्ट्रिय राजनीति अवस्थालाई हेरेर पार्टीभित्र एकता कायम गरेर जाने विषयलाई जोड दिइएको छ', ज्ञवालीले भने ।

गत निर्वाचनको परिणाम आएपछि नेतृत्व पुनर्गठन र पुस्तान्तरणको बहसको प्रारम्भ महासचिव पोखरेलले गरेका थिए । त्यहीबाट सुरु भएको एमालेको अन्तरपार्टी संघर्ष अहिले सतहमा आएको हो । पोखरेलले अध्यक्ष ओलीबाट प्रभावकारी पार्टी सञ्चालन र परिवर्तनको सम्भावना नरहेको निष्कर्ष निकालेका छन् ।

११औँ महाधिवेशनमा पोखरेल ओली क्याम्पबाटै महासचिव बनेका थिए । गत पुसको पहिलो साता भएको एमालेको ११औँ महाधिवेशनमा ओलीको पक्षमा खुलेर लागेका उपाध्यक्षहरू विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङ, महासचिव शंकर पोखरेललगायत नेताहरू अहिले नेतृत्व पुनर्गठनको पक्षमा उभिएका छन् ।

यी नेताहरूको काउन्टरमा ओलीले उपाध्यक्ष रामबहादुर थापालाई अघि सारेका छन् । थापापछि पार्टी सचिव पद्मा अर्याल, महेश बस्नेत, शेरधन राई, लेखराज भट्ट र केन्द्रिय सदस्य प्रदीप ज्ञवालीलगायत नेता ओली पक्षमा देखिएका छन् ।

विगतमा ओलीका बलिया सारथीहरूले नै नेतृत्व पुनर्गठनको प्रस्ताव अघि सारेपछि ओली पक्षले आफ्नो बचाउका लागि निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको प्रतिवेदनलाई समेत विवादित बनाएको पुनर्गठन पक्षधर नेताहरूको बुझाइ छ ।

ज्ञवालीलाई प्रतिवेदन लेख्ने जिम्मेवारीले पनि एमालेमा विवाद बढाएको छ । पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले पार्टीमा एउटालाई जिम्मेवारी दिने र अर्को व्यक्तिलाई काम लगाउने नेतृत्वको प्रवृत्तिले समस्या निम्त्याउने बताए ।

'हामीले पार्टीको महाधिवेशन अघिबाटै यो नेतृत्वबाट पार्टी बलियो बन्दैन भनेरै परिवर्तनको अभियान चलाएका थियौं,' उनले मध्यान्हसँग भने, 'साथिहरूले त्यसबेला उहाँ (ओली) नै ठिक भन्नुभयो ।'

अहिलेको पार्टी नेतृत्वबाट समाज, राष्ट्र र एमालेमा दिनुपर्ने योगदान दिइसकेकाले ओली आफैँले नयाँ साथीलाई जिम्मेवारी दिनुपर्ने उनको भनाइ छ ।

निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठनका सम्बन्धमा अध्ययन गर्न उपाध्यक्ष रामबहादुर थापा बादलको संयोजकत्वमा बनाइएको कार्यदलको प्रतिवेदन नै अहिले एमाले विवादको केन्द्र बनेको हो । कार्यदलभित्र कुरा नमिलेपछि प्रतिवेदनमाथिको विवाद पदाधिकारी र सचिवालय हुँदै केन्द्रीय कमिटीसम्म पुगेको छ ।

पार्टीभित्रको विवाद अब प्रतिवेदनको विषयमा मात्र सीमित छैन । निर्वाचन पराजयको समीक्षा कसरी गर्ने र त्यसको राजनीतिक तथा सांगठनिक जिम्मेवारी कसरी निर्धारण गर्ने भन्ने प्रश्नसमेत यससँग जोडिएको छ । महासचिव पोखरेलले पार्टीमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषय महत्वपूर्ण एजेन्डा बनिसकेको दाबी गरेका छन् । 'पार्टीले तीन पुस्ताको संयोजनको नीतिलाई ठोस योजना बनाएर अघि बढाउनुपर्दछ,' उनले भनेका छन्, 'यसका लागि पार्टीमा नेतृत्व निर्माण र हस्तान्तरणको सहज प्रणाली स्थापित गर्ने प्रतिबद्धता प्रकट गर्नु आवश्यक छ ।'

ओली पक्षका नेताहरू नेतृत्व पुनर्गठनको विरुद्धमा उभिएपछि एमालेको अन्तरसंघर्ष नयाँ चरणमा प्रवेश गरेको छ । अब सोमबारबाट सुरु हुने केन्द्रीय कमिटी बैठकमा कार्यदलको साझा प्रतिवेदनसँगै नेतृत्व पुनर्गठन, निर्वाचन पराजयको समीक्षा र पार्टीको आगामी दिशाबारे बहस हुने देखिएको छ ।

## चुनावी...

प्रणाली स्थापित गर्ने प्रतिबद्धता प्रकट गर्नु आवश्यक छ ।'

महासचिव पोखरेलको प्रतिवेदनमा सबै प्रदेश र जनवर्गीय संगठनसहित १३ वटा समूहले दिएका सुझाव समेटिएको थियो । कार्यकर्ताबाट संकलित सुझावका आधारमा 'अब पुरानो नीति र नेतृत्वबाट एमाले अघि लानिँदैन त्यसैले ओलीले नेतृत्व हस्तान्तरण गर्नु उपयुक्त हुने' निष्कर्ष निकालिएको थियो ।

त्यसप्रति फरक मतका रुपमा संयोजक बादलले पेस गरेको प्रतिवेदनमा वर्तमान नेतृत्वकै निरन्तरताको पक्षमा वकालत गरिएको थियो ।

## छैन...

पारी बाहिर निकालिएको छ । गोताखोर र विशेष टोली सुरुङको १३० मिटर भित्रसम्म पुगेर शव निकाल्न सफल भएका छन् ।

त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा यसअघि बाढी आएको १० दिनमा आयोजनाको सुरुङबाट दुई जनालाई जीवितै उद्धार गरिएको थियो । त्यसयता भने उद्धारकर्मी सुरुङबाट शव निकाल्ने क्रममा छन् ।

सशस्त्र प्रहरी बलका प्रवक्ता नेत्रबहादुर कार्कीले टिमुरेदेखि पश्चिम नवलपरासीसम्म कुनै पनि ठाउँमा शव नछुटोस् भनेर खोज तथा उद्धारको काम भइरहेको बताए । 'बाढी पसेको ठाउँमा धेरै भग्नावशेषहरू, खोला किनारमा पुरिएका शवहरूको खोज तथा उद्धारको लागि कुकुरसहितको परिचालन भइरहेको अवस्था छ,' उनले भने, 'फाट्टफुट्ट रूपमा शव भेटिरहेका छन् ।'

सुरुङभित्र फसेकाहरूको खोजी नेपाली सेना, सशस्त्र प्रहरी र विदेशी प्राविधिक विज्ञहरूको संयुक्त टोलीले गरिरहेको छ । बाढीले जलविद्युत् आयोजनाका सुरुङमा हिलो, लेदो र ढुङ्गा भरिएर सयौँ कामदार थुनिएका थिए ।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले बाढी प्रभावित क्षेत्रमा विज्ञ टोली, नेपाली सेना र सशस्त्र प्रहरी बलले भदौ १० गतेदेखि नै निरन्तर खोज तथा उद्धारको काम गरिरहेको बताए । 'भोटेकोशी बाढीपछि जलविद्युत् आयोजनाका सुरुङ तथा निर्माणस्थलमा फसेका कामदारको अवस्था यकिन गर्न सुरक्षाकर्मी तथा उद्धार टोलीले खोजीलाई तीव्रता दिएको छ,' उनले भने।

जीवितै भेटिने आशा कम भए पनि बाढी प्रभावित सबै क्षेत्रमा खोज तथा उद्धारको काम भइरहने उनले बताए । पछिल्लो पटक माथिल्लो त्रिशूली-१ को सुरुङबाट १३ शव भेटिएसँगै बाढीमा परेकाहरूको खोजी थप गम्भीर बनेको छ । रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन र नवलपरासी पूर्वका प्रभावित क्षेत्रसम्म नेपाली सेनाका ८ हजार ७ सयभन्दा बढी फौज प्रत्यक्ष रूपमा परिचालन गरिएको उनले बताए ।

बाढीबाट ६ हजार १ सय ४५ जना बेपत्ता भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकमा छ । १ हजार ४ सय १० शव फेला परेका छन्। त्यसमध्ये एक सय पाँचको मात्रै पहिचान भएको छ ।

## सेवा...

हटाएको हो । तर प्रशिक्षक छनोटमा सेनाको भूमिका भने रहनेछ ।

संशोधित विधेयकअनुसार राष्ट्रिय सेवा दलको महानिर्देशक नेपाली सेनाका अवकाशप्राप्त उपरथी हुने छन् । महानिर्देशक नियुक्तिका लागि प्रधानसेनापतिले तीन जनाको नाम सिफारिस गर्ने र तीमध्येबाट सरकारले एक जनालाई नियुक्त गर्ने व्यवस्था गरिएको छ ।

मूल विधेयकमा प्रधानसेनापतिले एक जनाको नाम सिफारिस गर्ने व्यवस्था रहेकोमा समितिले तीन जनाको नाम सिफारिस गर्नुपर्ने व्यवस्था गरेको हो । यसले महानिर्देशक छनोटमा सरकारलाई थप विकल्प दिएको छ ।

सेवा दलको निर्देशक समितिमा पनि सेनाको प्रतिनिधित्व रहनेछ ।

रक्षामन्त्री अध्यक्ष रहने समितिमा प्रधानसेनापति र सेनाका बलाध्यक्ष रथी सदस्य रहनेछन् । रक्षा र शिक्षा मन्त्रालयका सचिव पनि सदस्य हुनेछन् ।

संसदीय समितिले निर्देशक समितिमा सरकारले तोकेको राजपत्राकिंत विशिष्ट श्रेणी वा सो सरहको महिला कर्मचारी थप गरेको छ । यसले सेवा दलको निर्णय संरचनामा निजामती क्षेत्रको प्रतिनिधित्व बढाएको छ ।

अर्थात्, निर्देशक समितिमा सेनाको तुलनामा निजामती प्रतिनिधित्व पनि बढाएको छ ।

संसदीय समितिका सभापति हरि ढकालका अनुसार विधेयकमा गरिएको सबैभन्दा महत्वपूर्ण संशोधन राष्ट्रिय सेवा दलको प्रकृतिमा छ ।

मूल विधेयकमा नरहेको व्यवस्था थप गर्दै राष्ट्रिय सेवा दल नागरिक तथा गैरसैनिक प्रकृतिको हुने स्पष्ट गरिएको उनले जानकारी दिए । त्यस्तै, 'प्रशिक्षक'को परिभाषामा रहेको सैनिक तथा गैरसैनिकसम्बन्धी शब्दावली पनि हटाइएको छ । यसले राष्ट्रिय सेवा दललाई सैनिक संरचनाको विस्तारका रूपमा भन्दा नागरिकलाई राष्ट्रसेवा र स्वयंसेवाका लागि तयार गर्ने संस्थाका रूपमा कानुनी रूपमा परिभाषित गर्ने आधार दिएको छ ।

यद्यपि, सेवा दलको शिक्षालय तथा कार्यालय सञ्चालनका लागि नेपाली सेना र निजामती सेवाबाट कर्मचारी खटाउने व्यवस्था कायमै छ । अर्थात् सेनाको संस्थागत संलग्नता समाप्त गरिएको छैन ।

संसदीय समितिका सभापति ढकालका अनुसार संशोधित विधेयकमा गरिएको अर्को महत्वपूर्ण संशोधन राष्ट्रिय सेवा दलको तालिम र सैनिक सेवाबीचको सम्बन्धसँग रहेको छ ।

राष्ट्रिय सेवा दलको तालिम लिएको कारण मात्रै कुनै व्यक्तिलाई सैनिक सेवामा काम गर्न बाध्य पार्न नपाइने व्यवस्था संसदीय समितिले थपेको छ । यससँगै तालिम लिएका व्यक्तिले पछि सैनिक सेवामा जाने वा नजाने निर्णय आफैं गर्न पाउनेछन् ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले पनि संसदीय समितिमा जवाफ दिने क्रममा तोकिएको मापदण्डअनुसार तालिम लिने वा नलिने विषय व्यक्तिको स्वैच्छिक अधिकार भएको बताएकी थिइन् ।

यसका साथै स्वयंसेवक परिचालनमा संसद्को निगरानी रहने व्यवस्था राखिएको छ । सेवा दलको तालिम विद्यार्थीमा मात्र सीमित नरहने व्यवस्था कायम छ । विधेयकअनुसार राष्ट्रिय आवश्यकताका आधारमा विद्यार्थीबाहेक अन्य व्यक्ति वा संस्थालाई पनि तालिम दिन सकिने छ ।

तालिम प्राप्त व्यक्तिलाई राष्ट्रिय आवश्यकताका आधारमा सरकारले स्वयंसेवकका रूपमा राष्ट्रसेवामा परिचालन गर्न सक्नेछ । राष्ट्रिय आवश्यकता के हो भन्ने निर्धारण गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिइएको छ ।

तर सरकारले त्यस्ता स्वयंसेवक परिचालन गरेपछि त्यसको जानकारी संघीय संसद्का दुवै सदनलाई दिनुपर्ने व्यवस्था संसदीय समितिले थपेको छ । यसले सेवा दलबाट तालिम प्राप्त व्यक्तिको परिचालनमा संसद्को जानकारी र निगरानीको बाटो खोलेको छ ।

यो विधेयकमाथि सांसदहरूले १३ समूहमा ७८ वटा संशोधन प्रस्ताव दर्ता गरेका थिए । ती प्रस्तावमाथि छलफलपछि संसदीय समितिले विधेयकका नौ दफामा संशोधन र एउटा दफामा परिमार्जन गरेर अगाडि बढाएको हो ।

यसअघि प्रतिनिधिसभामा संसदीय समितिका सभापति ढकालले यो विधेयकको प्रतिवेदन पेस गरेका थिए । त्यसक्रममा उनले भनेका छन्, 'विद्यालयमा अध्ययनरत विद्यार्थीमा देशप्रेम, जनसेवा र राष्ट्रिय एकताको भावना जगाइ नैतिक र अनुशासित बनाउने तथा राष्ट्रिय आवश्यकताको आधारमा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयमसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सक्ने उदेश्य रहेको छ ।'

यही विधेयकको प्रतिवेदनमाथि छलफल गरेर सोमबार प्रतिनिधिसभाबाट पारित गर्ने तयारी रहेको हो । प्रतिनिधिसभाबाट पारित भएपछि राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाले पनि पारित गरेपछि पुनः प्रतिनिधिसभामा फर्किन्छ । सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनका रुपमा कार्यान्वयनमा आउनेछ ।

## सीपयुक्त...

तलब पाउनु, समयमै तलब नपाउनु, बिनाकारण तलब कट्टा गरिदिने, 'थ्री-डी' भनिने फोहोर, खतरनाक र अपमानजनक काममा संलग्न हुँदा दुर्घटनाको जोखिममा पर्ने, कोचाकोच रूपमा बस्नुपर्ने, स्वस्थकर खाना र पानी अभाव मात्रै नभएर बिरामी पर्दा उचित उपचार नपाउने समस्या भोग्नुपर्ने हुन्छ ।

रोजगारदाता वा एजेन्टले पासपोर्ट आफ्नो नियन्त्रणमा लिइदिँदा इच्छाअनुसार काम छोड्न वा स्वदेश फर्कन नपाउनेदेखि कतिपय रोजगारदाताले भिसा नवीकरण नगरिदिँदा अवैधानिक भई पक्राउ पर्ने वा जेल जाने खतरा रहने गरेको पनि उनीहरूको भनाइ छ ।

# रास्वपा मधेश महाधिवेशनको अडिट प्रतिवेदन बुझाइयो, बाढीपीडितका लागि राहतमा जोड



**काठमाडौं/मस–** सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेश महाधिवेशन हुन नसक्नुका कारणबारे छानबिन गर्न गठित 'अडिट समिति'ले प्रारम्भिक प्रतिवेदन बुझाएको छ ।

आइतबार पार्टी केन्द्रीय कार्यालय चःमतीमा बसेको सचिवालय बैठकमा समिति संयोजक तथा पार्टी सहमहामन्त्री हरि ढकालले प्रारम्भिक प्रतिवेदन बुझाएको प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

यसअघि सांसदहरूको दबाब र जातीय समस्याको कारण मधेश प्रदेशमा अधिवेशन हुन सकेको छैन । मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सामा मात्र महाधिवेशन सम्पन्न भएको छ । प्रवक्ता खरेलकाअनुसार समितिले प्रारम्भिक प्रतिवेदन बुझाएपनि विस्तृत प्रतिवेदन तयार भइरहेको बताए ।

बैठकले पार्टीका केही विभागमा सदस्य मनोनयन गर्ने निर्णय समेत गरको उनको भनाइ छ । बैठकमा पार्टी उपसभापति तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफ्नो भारतको औपचारिक भ्रमणबारे समेत बैठकलाई जानकारी गराएको उनले बताए ।

बैठकमा पार्टी सभापति रवि लामिछानेले पार्टी, संसद र सरकारबीच अन्योन्याश्रित सम्बन्ध रहेकाले सोहीअनुसार काम गर्न सरोकारवालाई निर्देशन दिएको समेत प्रवक्ता खरेलले बताए ।

**भोटेकोशी बाढी प्रभावितको राहतमा जोड**

यस्तै रसुवाको भोटेकोशी बाढीपछिको राहत, उद्धार, पुनर्निर्माण तथा पुनर्स्थापनाको काम थप प्रभावकारी बनाउन सरकारलाई रास्वपाले आग्रह गरेको छ ।

प्रवक्ता खरेलले विपद्पछिको खोजी, उद्धार तथा राहतमा कुनै कसर बाँकी नराख्न सरकारलाई आग्रह गरिएको बताए ।

उनकाअनुसार सरकारका प्रतिनिधिहरूले बैठकमा रसुवा बाढीपछिको खोज, उद्धार र राहतको विषयमा ब्रिफिङ गरेका थिए । उद्धार तथा राहतको काम प्रभावकारी रूपमा अघि बढिरहेको र पुनर्निर्माण तथा पुनर्स्थापनाको कामसमेत समानान्तर रूपमा अघि बढाइएको जानकारी बैठकमा गराइएको प्रवक्ता खरेलले बताए ।

उनले बैठकले पहिचान हुन नसकेका शवको डिएनए परीक्षण यथाशीघ्र गरी पीडित परिवारलाई राहत उपलब्ध गराउनुपर्नेमा दिएको पनि बताए । उनले अझै सम्पर्कविहीन नागरिकको अवस्था तत्काल यकिन गर्नुपर्ने तथा कानुनी अवरोध भए आवश्यक कानुनी व्यवस्था गरेर परिवारको सहमतिमा सहजीकरण गर्नुपर्ने निष्कर्ष बैठकले निकालेको बताए ।

१० भदौमा आएको रसुवा बाढीपछि स्थगित गरिएका पार्टी गतिविधिहरू समेत आजैदेखि पुनः सञ्चालन गर्ने निर्णय समेत बैठकले गरेको उनले बताए ।

बैठकमा सभापति रवि लामिछानेले पार्टी, संसद् र सरकारबीचको सम्बन्धलाई थप सुदृढ बनाएर अघि बढ्नुपर्ने बताए । लामिछानेले तीनवटै पक्षबीच समन्वय र सहकार्य आवश्यक रहेको धारणा राखेका हुन् ।

# 'चाडपर्वको संरक्षणसँगै समयानुकूल रूपान्तरण आवश्यक छ'



**काठमाडौं/मस–** संस्कृतिविद् प्रा.डा.सोमप्रसाद खतिवडाले नेपाली समाजमा प्रचलित चाडपर्व, जात्रा र सांस्कृतिक परम्पराको संरक्षणसँगै समयानुकूल रूपान्तरण आवश्यक रहेको बताएका छन् ।

साहित्य सन्ध्याको ४८९औं नियमित मासिक शृंखलाअन्तर्गत आयोजित 'नेपाली समाजमा प्रचलित चाडबाड र रूपान्तरण' विषयक कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका पूर्वप्रमुख डा खतिवडाले चाडपर्व नेपाली समाजका परम्परा, सम्पदा र पहिचान भएको बताएका हुन् । उनले नेपालमा विभिन्न समुदाय र स्थानअनुसार फरकफरक शैलीमा चाडपर्व मनाउने परम्परा रहेको उल्लेख गरेका छन् ।

उनका अनुसार नेपालमा एक हजारभन्दा बढी चाडपर्व, जात्रा तथा पर्व मनाइन्छन् । कतिपय चाडपर्व र परम्परा समय क्रममा हराउँदै गएको उल्लेख गर्दै उनले सांस्कृतिक पहिचान जोगाउन पुस्तान्तरण र आवश्यक रूपान्तरणमा ध्यान दिनुपर्ने बताएका छन् । काठमाडौं उपत्यकाका धेरै पर्व तथा जात्रामा नेवारी संस्कृतिको प्रभाव रहेको उनले उल्लेख गरेका छन् ।

कार्यक्रममा वरिष्ठ पत्रकार एवं साहित्यकार गोपालप्रसाद थपलियाद्वारा लिखित कवितासंग्रह 'सत्ताको मान्छे'को परिचर्चा गरिएको थियो । समालोचक प्रा.डा.हेमनाथ पौडेलले कृतिमाथि टिप्पणी गर्दै सङ्ग्रहमा १६४ कविता समेटिएको जानकारी दिएका छन् ।

उनले कवितामा राष्ट्रियता, मानवीयता, प्रकृति, सामाजिक विकृति, सत्ताको अहङ्कार, जनउत्तरदायित्वको कमी, सामाजिक न्याय तथा राष्ट्रिय स्वाधीनताजस्ता विषय अभिव्यक्त भएका बताएका छन् ।

समालोचक उपप्राध्यापक रूपक अलंकारले समारोहमा वाचन गरिएका सिर्जनामा समसामयिक राजनीतिक, सामाजिक तथा प्राकृतिक विपत्तिका विषय समेटिएको बताएका छन् ।

# १२ मुस्लिम संस्थाको सहकार्यमा कतारमा मनाइयो संविधान दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ४ असोज



अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज (अनेमुस) कतारको आयोजना तथा १२ नेपाली मुस्लिम संस्थाको सहकार्यमा नेपालको संविधान दिवस दीप प्रज्वलन, केक काटेर तथा शुभकामना आदान-प्रदानसहित मनाइएको छ ।

अनेमुस कतारका अध्यक्ष अजमत अलीको अध्यक्षतामा भएको कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए) आइसिसीका उपमहासचिव मोहम्मद मुक्तदा मुसलमान प्रमुख अतिथि थिए । मौलाना गुलाम नवीले कुरान तिलावत गरेपछि राष्ट्रिय गानसहित का र्यक्रम अघि बढाइएको थियो ।

कतारमा पछिल्ला वर्षहरूमा संविधान दिवसका सार्वजनिक कार्यक्रम घट्दै गएको सन्दर्भमा आयोजित कार्यक्रममा नेपाली मुस्लिम समुदायका अगुवासहित एनआरएनए आइसिसी तथा एनसिसीका पदाधिकारी, राजनीतिक तथा सामाजिक संस्थाका प्रतिनिधि, व्यवसायी र पत्रकार सहभागी थिए ।

नेपाली जनसम्पर्क समिति कतारका उपसभापति ठाकुर परियार, प्रवासी नेपाली मञ्च कतारका अध्यक्ष अफसर अली खान तथा सामाजिक व्यक्तित्व चानक पोखरेललगायतले संविधान, राष्ट्रियता र नागरिक दायित्वका विषयमा धारणा राखेका थिए ।

वक्ताहरूले प्रवासमा रहे पनि संविधानप्रदत्त अधिकार, राष्ट्रियता र नागरिक जिम्मेवारीप्रति चासो राख्नुपर्ने बताए । संविधान दिवसलाई उत्सवमा मात्र सीमित नगरी संविधानले सुनिश्चित गरेका अधिकार, समानता, सामाजिक न्याय र नागरिक कर्तव्यबारे प्रवासमा समेत संवाद तथा सचेतना आवश्यक रहेको उनीहरूको भनाइ थियो । मुस्लिम संस्थाका अगुवाहरूले नेपाली मुस्लिम समुदायसहित समग्र नेपाली समाजबीच सामाजिक सद्भाव, सहकार्य र साझा राष्ट्रिय पहिचानलाई बलियो बनाउनुपर्नेमा जोड दिए ।

# किरात राई यायोक्खा मलेसियामा नयाँ कार्यसमिति

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ४ असोज



किरात राई यायोक्खा विदेश संगठन, मलेसियाको तेस्रो राष्ट्रिय अधिवेशन-२०२६ भव्य तथा सभ्य रूपमा सम्पन्न भएको छ । अधिवेशनले छबिधान राईको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ । अधिवेशनमा प्रमुख अतिथिका रूपमा नेपाल आदिवासी जनजाति महासंघ मलेसियाका अध्यक्ष पदमराज लिम्बू, विशेष अतिथिका रूपमा गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाका अध्यक्ष इन्द्र लिम्बू तथा अतिथिका रूपमा किरात याक्थुङ चुम्लुङ मलेसियाका अध्यक्ष दिल केरुङ लिम्बू, बिजनेस सोसाइटी तथा युवा व्यवसायी एवं नेपाल आदिवासी जनजाति महासंघ मलेसियाका संस्थापक अध्यक्ष सुन्दर आलेलगायत विभिन्न संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधि, राजनीतिक दलका विदेश संगठनका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

अधिवेशन सफल बनाउन आर्थिक, भौतिक तथा नैतिक रूपमा सहयोग गर्ने सम्पूर्ण सहयोगीप्रति समेत आयोजकले कृतज्ञता व्यक्त गरेको छ ।

कार्यक्रममा नेपालमा गत भदौ १० गते आएको प्राकृतिक विपत्तिका कारण ठूलो जनधनको क्षति भई देश शोकमा डुबिरहेको अवस्थामा अधिवेशनलाई शोकलाई शक्तिमा बदल्ने अवसरका रूपमा लिइएको आयोजकले जनाएको छ । बाढीपहिरोमा परी ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरिएको थियो । साथै, घाइते तथा प्रभावित सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गरिएको थियो ।

बाढीपहिरो तथा प्राकृतिक विपत्तिसम्बन्धी ६ मिनेट १३ सेकेन्डको भिडियो प्रोजेक्टरमार्फत प्रदर्शन गरिएको थियो । त्यसपछि दीप प्रज्वलन गरी दिवंगत आत्माहरूको चिरशान्तिको कामना गरिएको थियो । प्रभावितका लागि राहत संकलन गर्न कार्यक्रमस्थलमा दानपेटिका समेत राखिएको थियो ।

कार्यक्रममा किरात याक्थुङ चुम्लुङ मलेसियाका अध्यक्ष दिल केरुङ लिम्बूले शुभकामना मन्तव्य राख्दै विभिन्न विषयमा धारणा प्रस्तुत गरेका थिए ।

अधिवेशनबाट छबिधान राईको अध्यक्षतामा २९ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा सञ्जिव राई, उपाध्यक्षमा भीम कुमार राई, भरण शेर राई र आसन खालिङ राई, महिला उपाध्यक्षमा प्रेमा छिलिङ राई र समिता राई (सञ्जु), महासचिवमा यज्ञ कुमार राई, सचिवमा सन्तोष राई, कोषाध्यक्षमा देविका राई (विनु), सह-कोषाध्यक्षमा भीमराज राई, प्रवक्तामा शुभ साम्पाङ राई र तुलसा राई तथा युवा संयोजकमा अंगराज राई निर्वाचित भएका छन् ।

त्यस्तै, सदस्यहरूमा दिवश राई, जसमान राई, नवल शेर राई, समिता सुनुवार राई, उमा राई, अञ्जना राई, अनिल राई र सविन राई रहेका छन् । संरक्षकमा रमेश साम्पाङ राई र मञ्जिला वायुङ वान्तावा राई तथा वरिष्ठ सल्लाहकारमा विपिन कुमार राई चयन भएका छन् । सल्लाहकारमा युवराज साम्पाङ राई, रमेश चाम्लिङ राई, ऐच्छिक राई र ज्ञाविन चाम्लिङ राई चयन भएका छन् ।

FREE VISA ! FREE TICKET ! FREE RECRUITMENT FOR QATAR !
"No Fees Will Be Charged To Workers At Any Phase In the Recruitment, Selection, And Hiring Or Deployment Process."

कम्पनी : ENGINEERING MAINTENANCE COMPANY (EMCO QATAR) शहर : QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८३/०१/२८ चलानी नं.: ६०२५७२५४ LT. No.: 341858 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Mason. | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ५०,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 12 | 0 | | 1000 | ६२,५३५ | | | | | | | |

अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर धनुषा जनकपुरमा २०८३ असोज १२ गते (28 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५१६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

THREE BROTHERS HUMAN RESOURCE PVT. LTD. श्रम ईजाजत पत्र नं. ७१२/०६४/०६५
बतिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, अलिना बस्नेत सम्पर्क नं. ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

# हिउँपहिरोमा पुरिएर मनास्लुमा दुई जनाको मृत्यु



**गोरखा/मस–** हिउँपहिरोमा पुरिएर मनास्लु हिमालमा दुई जनाको मृत्यु भएको छ । भारतीय मूलका जर्मनीका नागरिक र उनका सहयोगी नेपाली नागरिकको गएराति हिउँपहिरोमा पुरिएर मृत्यु भएको हो ।

सुतिरहेको टेण्टमा माथिबाट आएको हिउँपहिरोले पुरिएर जर्मनीका आरोही ध्रुवज्योति गुहा र उनका आरोहण सहयोगी फुर्सेम्बा शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुवै जना मकालु एड्भेञ्चर कम्पनी प्रालिबाट मनास्लु आरोहणका लागि गएका थिए ।

तेस्रो शिविरमा टेण्टभित्रै करिब सात फिट हिउँले पुरिएर दुवै जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरूको शव सोमबार हेलिकप्टरबाट काठमाडौं लैजाने तयारी भएको छ ।

यससँगै मनास्लुमा यस याममा मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ । यसअघि सिंगापुरका ५० वर्षीय आरोही लाउ वी सेङको दोस्रो शिविरमा मृत्यु भएको थियो । साथै नेपाली सहयोगी २० वर्षीय टासी शेर्पाको पनि आधारशिविरमा मृत्यु भएको थियो ।

मनास्लु आरोहणका लागि यस याममा ४८० विदेशी आरोहीले अनुमति लिएका छन् । आरोहणको रोप फिक्सिङ सम्पन्न भइसकेको छ । आरोहीहरू आरोहणको अन्तिम तयारी गरिरहेका छन् ।

**Invitation for Bids**

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Urban Development and Building Construction**
**Project Office of Urban Development and Building Construction, Baitadi**

**Invitation for Bids No: PUDBC/BAITADI/01**
**Date of publication: 2026/09/21(2083-06-05)**

*Project Office of Urban Development and Building Construction, Baitadi* intends to apply part of the funds to cover eligible payments under the Contract *for projects mentioned below*. Bidding is open to all eligible bidders. A complete set of Bidding Documents may be purchased from the office Project Urban Development and building Construction Office, Patan-06, Baitadi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of amount mentioned below till *2083-06-26* during office hours in the account as specified below.

| Contract ID | Description of work | AACT of best 3 years in last 10 years (NPR) | Similar Size & Nature within last 10 years (NPR | Bid Security (NPR) | Bid Document Fee(NPR) |
|---|---|---|---|---|---|
| PUDBC/BAITADI/WORKS/NCB/2083/84/01 | *Reconstruction of Building at District Administration Office Baitadi* | Estimate :*4323590 without vat including PS (1S1E)* | | 140000 | 3000 |
| PUDBC/BAITADI/WORKS/NCB/2083/84/02 | *Reconstruction of Project Urban development and Building Construction Office Building, Baitadi* | Estimate :*12960330 without vat including PS (1S1E)* | | 375000 | 3000 |
| PUDBC/BAITADI/WORKS/NCB/2083/84/03 | *Construction work to bring into operation buildings that were completed under past contracts but remain unused due to incomplete construction: Completion works of darchula district covered hall* | 38826000 | 10353000 | 770000 | 5000 |

**For Bid Document Fee**: **Rastriya Banijya Bank, Baitadi**; A/C Name: **Saghan Shahari Tatha Bhawan Nirman Aayojana, Baitadi**; A/C no.: **1000100200010000**; Office Code: **337067402**; Revenue Head: **14229**. Sealed bids must be submitted to the office by mail/hand/courier on or before *12 hours* on *2083-06-27*. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14 hrs *2083-06-27* . Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Project Office of Urban Development and Building Construction, Patan-06, Baitadi, Contact: 9858065182 and pudbcbaitadi@gmail.com.*

## सम्पादकीय

# अनिर्णयमा एमाले

नेकपा एमालेभित्र नेतृत्व पुनर्गठनको बहस तत्कालका लागि स्थगित भएको छ । उपाध्यक्ष रामबहादुर थापा बादल नेतृत्वको कार्यदलले महासचिव शंकर पोखरेल र थापाका फरक प्रतिवेदनलाई मिलाएर एउटै प्रतिवेदन बनाउने र नेतृत्व परिवर्तनको विवादित विषयलाई अनुसूचीमा राख्ने निर्णय गऱ्यो । लगत्तै बसेको सचिवालय बैठकले सर्वसम्मत सो प्रतिवेदनलाई स्वीकार गऱ्यो । यसले तत्कालको टकरावलाई मत्थर पारे पनि एमालेभित्रको मूल विवादको दिगो समाधान खोज्न भने सकेन् ।

एमालेपङ्क्ति गत फागुनको निर्वाचनमा पार्टीले ब्यहोरेको ऐतिहासिक पराजय र बदलिएको राजनीतिक परिस्थितिबाट कसरी बौरिनेभन्नेमा चिन्तित छ । निर्वाचनमा धक्का लागेपछि समीक्षा स्वाभाविक हुन्छ । समीक्षाबाट नेतृत्व, नीति, संगठन र कार्यशैलीमा परिवर्तन आवश्यक देखिए त्यसलाई बहसबाट टुंग्याउनुपर्ने हुन्छ । तर असहमतिको विषयलाई प्रतिवेदनबाट हटाएर अनुसूचीमा राख्नुले तत्कालको विवाद सुल्झाए पनि एमालेलाई समाधान दिन भने सकेन । एमालेले यतिबेला दुई अतिबाट जोगिनुपर्छ । एउटा, नेतृत्व परिवर्तनको माग उठेकै आधारमा त्यसलाई पार्टी विभाजन वा अराजकताको रूपमा बुझ्ने । अर्को, नेतृत्व परिवर्तन नै सबै समस्याको समाधान हो भन्ने निष्कर्षमा पुग्ने । पार्टीको पुनर्गठन भनेको व्यक्ति परिवर्तन मात्र होइन । नीति, संगठन, पुस्तान्तरण, नेतृत्व विकास र कार्यकर्तासँगको सम्बन्धमा पनि परिवर्तन आवश्यक हुन्छ । त्यसतर्फ एमालेको बहस केन्द्रित भएको देखिँदैन् । गत वर्षको जेनजी आन्दोलनले परम्परागत राजनीतिक शक्तिलाई दिएको सन्देशबाट एमालेले पाठ सिक्न खोजेको देखिँदैन् । आन्दोलनको एक वर्ष बितिसक्दा पनि एमाले फेरि उठ्ने कुनै छाँट देखाएको छैन । दोस्रो पुस्ताका नेताहरूमा न नेतृत्व परिवर्तन गर्ने आँट र क्षमता छ, न न पार्टीको जनमत फर्काउनेतर्फ उनीहरू जुट्न सकेका छन् ।

अर्कोतर्फ, एमालेको विधानले विशेष महाधिवेशनका लागि निश्चित प्रक्रिया र समर्थनको व्यवस्था गरेको छ । त्यसैले नेतृत्वको प्रश्न सडकको दबाब, गुटगत शक्ति परीक्षण वा व्यक्तिगत आग्रहबाट होइन, पार्टीको विधान र संस्थागत निर्णयबाट टुंगिनुपर्छ । अहिले एमालेले रोजेको साझा प्रतिवेदनको बाटोले केही समयका लागि टकराव रोक्न सक्छ । तर केन्द्रीय कमिटीमा पुग्दा फेरि त्यही प्रश्न उठ्ने सम्भावना स्वाभाविक छ । त्यसैले नेतृत्वले असहमतिलाई दबाउने होइन, संस्थागत बहसमा लैजानुपर्छ । निर्वाचनको परिणामलाई भूराजनीतिक चलखेल वा तत्कालीन राजनीतिक घटनाको परिणामका रूपमा मात्र बुझेर पुग्दैन । त्यसबाट संगठन, नेतृत्व र नीतिका कमजोरी के थिए भन्ने पनि इमानदारीपूर्वक खोजिनुपर्छ । सँगै, एमालेको पुनर्गठनको बहस अब कसैलाई हटाउने वा बचाउने प्रतिस्पर्धा बन्नु हुँदैन । पार्टीलाई बदलिएको समाज, नयाँ पुस्ता र बदलिँदो राजनीतिक अपेक्षासँग जोड्ने नयाँ निर्णयमा पुग्नुपर्छ ।

# पर्यावरण र प्रकृति–अमैत्री खेतीपाती

नेपालमा परम्परागत आत्मनिर्भर खेतीपाती र पशुपंक्षीबीचको आत्मीय सम्बन्ध टुटेर रासयनिकीकरण र यान्त्रीकरण बढ्दा माटो, पर्यावरण र मानव स्वास्थ्य संकटमा परेका छन् । बढ्दो लागत, ऊर्जा संकट र प्राकृतिक विपत्तिबाट जोगिन प्रकृति-मैत्री अर्गानिक खेती, पशु ऊर्जाको प्रयोग र वातावरण संरक्षणमा आधारित दिगो विकास प्रणाली अँगाल्नु अत्यावश्यक छ ।

अग्रलेख



● लोकनारायण सुवेदी

आज पनि हाम्रो देशमा खेतीपाती र पशुपालन नै सबैभन्दा बढी रोजगारी दिने क्षेत्र हो भन्दा अत्युक्ति नहोला । हाम्रो ग्रामीण अर्थतन्त्र केवल बालीनालीको खेतीकिसानीबाट मात्र होइन, पशुपालन र स-साना लघु तथा कुटीर उद्योग व्यवसायबाट परिचालित हुँदै आएको हो । त्यसैले हिजो पशुपंक्षीहरू एक किसिमले किसानहरूका लागि बैंकको 'मुद्दती खाता' जस्तै हुने गर्दथे, जसलाई अत्यन्तै जरुरी अवस्थामा मात्र बेच्ने गरिन्थ्यो ।

तर अहिले देशका किसानहरू अभूतपूर्व संकटबाट गुज्रिरहेका छन् । अब त यो किसानको संकटलाई जान्न बुझ्नका लागि कुनै विशेष अध्ययन गर्नुपर्ने आवश्यकता नै छैन । यो संकट रासायनिक खेतीसँग जोडिएको छ । जतिबेला परम्परागत प्राकृतिक खेतीपातीमा खेत र हलगोरुको घनिष्ठ सम्बन्ध थियो, किसानी र पशुपालनका बीच पनि उत्तिकै गहिरो सम्बन्ध थियो। तर अब ट्र्याक्टर आएपछि यो सम्बन्ध टुट्दै गएको छ । खेतबारी रासायनिकीकरणले उर्वराहीन बन्दै गएका छन् । त्यसैले आज यहाँ परम्परागत खेतीपातीको चर्चा गर्न लागिएको हो। यसबाट हिजो र आजको खेतीपातीको समग्रतालाई बुझ्न र सही बाटो लाग्न मद्दत पुग्नेछ भन्ने लाग्दछ । खेतीमा लाग्ने अत्यधिक लागत कम गर्न सकिन्छ र खेतीकिसानी तथा किसानहरूको आजीविका र बिग्रँदो पर्यावरणको स्थितिलाई बचाउन सहयोग गर्न पनि सकिनेछ ।



युगौंदेखि हाम्रो देशमा खेतीकिसानी हुँदै आएको छ । यो देशको हावापानी अनुकूल विकसित हुँदै आएको हो। यसका धेरै नै विविधताहरू पनि छन् । यो केवल बालीनाली या फसल उत्पादन मात्र पनि होइन। यो एउटा दिगो जीवन पद्धति र सभ्यता पनि थियो । मोटामोटी रूपमा स्वावलम्बी र आत्मनिर्भर खेतीपाती हुने गर्दै आएको थियो र यो श्रममा आधारित खेतीपाती थियो। किसानहरूसँग स्वयं उत्पादित स्वदेशी बीउबिजन हुन्थ्यो । पशुपालन हुन्थ्यो र घरगोठको गोबरले मलको काम गर्दथ्यो, जसले गर्दा माटोको उर्वरता कायम रहन मद्दत गर्दथ्यो । खेतीपातीसँग सम्बन्धित कयौं प्रकारका रोजगारीहरू पनि प्रचलनमा थिए, जसमा ग्रामीण समुदायको आजीविका चल्ने गर्दथ्यो ।

पुरानो जमानामा गाउँमा बढईको काम कृषि यन्त्र बनाउनु थियो । उसले बयलगाडाका चक्काहरू, हलो, जुवा, जोतारो, हल्लुड आदि बनाउँदथ्यो, जसको बदलामा उसलाई किसानबाट अनाज मिल्दथ्यो । परम्परागत खेतीमा भिन्नै किसिमले बाहिरी लगानीको आवश्यकता पर्दैनथ्यो । न बालीनालीमा आधुनिक रासायनिक मलखाद हाल्ने आवश्यकता नै थियो, न कीटनाशक र रोगनाशक औषधिकै आवश्यकता पर्दथ्यो । पशुहरूको गोठालो गर्न पनि अतिरिक्त खर्च हुने नै गर्दैनथ्यो । बालीनालीको नल, पराल, ढोड या डाँठबाट तयार भुस्सा-भुस्सी र डाँले तथा भुइँघाँसबाट तिनको पेट भरिन्थ्यो । आवश्यक कुँडो र खोले पकाएर दिने चलन पनि थियो, जसका सामग्री खेतीबालीबाटै प्राप्त हुन्थे। बाहिर खोजी गर्नै पर्दैनथ्यो ।

अर्कोतिर देशमा बालीनालीका डाँठ, पराल आदि कुहिएर जैविक मलखाद बन्दथ्यो र पशुहरूको गोबरबाट अत्यन्तै मलिलो मलखाद प्राप्त हुन्थ्यो । गोबर मलले खेतबारीको उर्वरता बढ्दै जान्थ्यो। बालीनालीका मित्रकिरा पतङ्गले नै कीटनाशकको काम गर्दथे । पक्षीहरूले पनि कीटनाशकको भूमिका राम्रैसँग निभाउँदथे। गाईगोरुलाई खुवाउनका निम्ति पहिला खेतमा विभिन्न किसिमका घाँस या चारो उपलब्ध हुन्थ्यो । खरुकी, बन्सो, रत्नाउलो, सिरु, दुबो, काँस, बथुवा लगायतका झारघाँस तथा असारे, दुधिलो, खन्यु, पटपटे, बाँस, काब्रो, निभारा, टाँकी, सिरिस, सउर, वर आदि अनेक डाँलेघाँसहरू उपलब्ध हुन्थे ।

नेपाल लगायत कयौं देशहरूमा आज पनि खेतीपाती र पशुपंक्षी पालन नै सबैभन्दा बढी रोजगारी दिने क्षेत्र रहेकै छन् । ग्रामीण अर्थतन्त्र केवल बालीनालीबाट मात्र होइन, पशुपंक्षी पालन, स-साना कुटीर तथा लघु उद्योग व्यवसाय पनि सञ्चालित हुँदै आएका हुन् । पशुपंक्षीहरू एक किसिमले किसानहरूका लागि बैंकको फिक्स्ड डिपोजिट जस्तै हुन्थे र किसानहरूले अति आवश्यक परेको बेला तिनलाई बेचेर काम चलाउँदथे ।

त्यसमा पनि गाउँघरमा गाईवस्तु र मानिसका बीचमा एकदमै प्यारो र परस्पर स्नेही सम्बन्ध हुन्थ्यो। त्यस बारेमा अनेक रमाइला कथाकुथुङ्गीहरू पनि सुन्न पाइन्थ्यो । वास्तवमा गाई, भैंसी, गोरु, बाख्राहरूलाई बडो लाड-प्यार गरेर पालिन्थ्यो । ग्रामीण मानिसहरू अहिले पनि भन्ने गर्दछन् कि पशुपंक्षीहरूलाई बच्चालाई स्याहारसुसार गरेजस्तै गरेर पालनपोषण गरी हुर्काइन्थ्यो । गाईवस्तुको उमेर गुज्रिएर बूढा भए पनि तिनलाई किलामा बाँधेर घाँसपात, कुँडो-खोले दिने गरिन्थ्यो । यी सबै कुराले मानिस पशुपंक्षी तथा बालीनालीप्रति अर्थात् ग्रामीण किसानहरू यसरी निकै भावनात्मक रूपमा संवेदनशील रहन्थे भन्ने स्पष्ट हुन्छ ।

अहिले पनि गोरु तिहारका बेला गोरुप्रतिको विशेष सम्मान या प्रेम दर्शाउने गरेको देखिन्छ । त्यतिबेला गोरुलाई माला-टीका लगाएर सेलरोटी लगायतका पक्वान्न, मिष्ठान्न खुवाउने गरेको देखिन्छ । तराईमा कुनै मेला-पर्व, विवाह या उत्सवहरूमा जाँदा गोरुगाढामा चढेर जाने गरिन्थ्यो। गाईवस्तुहरू र मानिसका बीचमा यस्तो गाढा सम्बन्ध बनिसकेको या बनिरहेको देखिन्छ कि जङ्गलमा चर्न छोडेका गाईवस्तुहरू पनि साँझ फर्केर घर आउँदछन्, आउँदथे; उनीहरूलाई लिन जानु पर्दैनथ्यो । तिनीहरू कतै टाढै पुगेको भए पनि उनीहरूको गलामा लगाइदिएको घण्टीको आवाज सुनेर खोज्न सजिलो हुन्थ्यो ।

गाउँका किसानहरू चाहे ती महिला हुन् पुरुष, गाई, गोरु, भैंसी जे पालेको भए पनि तिनलाई बडो संवेदनशील भएर बेलाबेलामा नुहाइदिने, भकारो सोहोरेर बस्ने थलो सफा बनाइदिने र घाँस, कुँडो, खोले दिने जस्ता कार्यहरू नियमित रूपमा गर्ने गरिन्थ्यो । साना भर्खर जन्मेका बाच्छा, पाडा, पाठापाठीहरूको विशेष हेरचाह गरिन्थ्यो। तिनलाई गोठ या ग्वालीमा लगेर बाँध्ने या टाट्नामा बाँधेर राख्ने काम धेरैजसो महिलाहरूले गर्ने गर्दथे । बाख्रापाठाहरू, भेडाहरूको हेरचाह या चराउने काममा केटाकेटीहरूले पनि सहयोग पुऱ्याउने गर्दथे। यसरी ग्रामीण किसान र पशुपंक्षीहरूका बीच एउटा आत्मीय सम्बन्ध बन्दथ्यो। सधैं आफूलाई हेरचाह गर्ने मानिस छेउमा पुग्दा गाईवस्तुहरूले पनि विशेष किसिमले कराएर आफू सुरक्षित र ढुक्क भएजस्तो कुरा अभिव्यक्त गर्ने गर्दथे ।

वास्तवमा खेतीपाती र पशुपालन एक अर्काका परिपूरक र सहयोगी गतिविधि हुन् । पहिला-पहिला भेडीगोठ, गाईभैंसीको थलो सार्ने, किला सार्ने गरेर खेतबारीमा तिनको मलमूत्र प्रयोग गरिने पनि चलन थियो। तर अब भने पशुपालनको त्यो पुरानो महत्त्वपूर्ण चलन समाप्त भएर गएको छ । रासायनिक मलको चलनले गर्दा खेतबारी रासायनिकीकरण भएर माटोको उर्वराशक्ति र माटोको बनावटमा पनि आज फरक आइसकेको छ । त्यो कडा ढिस्को जस्तो भएर गएको छ र त्यसमा मैत्री जीव-किरा हुर्कने र खेतीपातीलाई मलिलो र उर्वर राखिराख्ने स्थिति नै लोप भएर गएको छ ।

आज त जङ्गल पनि मासियो। चरिचरन पनि हरायो । पशुपालन पनि सीमित र कृत्रिम भएर गयो। अर्गानिक र प्राकृतिक खेतीपाती तथा पशुपालनको अभावले गर्दा खेतीपाती, पशुपंक्षी पालन नै आज अप्राकृतिक र रासायनिक बनेर गएको छ, जुन एकदमै अस्वस्थकर र रोगव्याधी निम्त्याउने खालको बनेको छ । जसले गर्दा मानव स्वास्थ्य, माटोको स्वास्थ्य र समग्रमा प्रकृति सबैको स्वास्थ्य बिग्रिएर गएको छ। यसलाई पुनः पुनरुत्थान गर्नुपर्ने आवश्यकता छ ।

आज यान्त्रीकरणको जमाना आएको छ । त्यसले गर्दा समेत विश्वव्यापी उष्णता (ग्लोबल वार्मिङ) को समस्या पैदा भएको छ र यो विश्वकै ठूलो चिन्ताको विषय पनि बनेको छ । यी समस्याहरूसँगै ऊर्जा संकट, विद्युत् संकट तथा मानव श्रमको बहुलतालाई ध्यानमा राखेर हाम्रो जस्ता देशहरूले यी सबै कुरालाई मध्यनजर राखेर सही किसिमले खेतीकिसानीतर्फ बढ्नुपर्ने स्थिति विकसित भएको छ  यसका लागि पशु ऊर्जाको महत्त्वपूर्ण भूमिका रहन जान्छ। यसबाट माटो र पानीको संरक्षण त हुन्छ नै, जैविक विविधता र पर्यावरणको पनि रक्षा हुन्छ । किसान र पशुपालनको आजीविका पनि बच्ने र चल्नेछ। खेतीपातीसँग जोडिएको रोजगारी तथा सीप र कौशल पनि विकसित हुने र कायम रहनेछ । तर प्रश्न के भने, हामी प्रकृति-मैत्री, पर्यावरण-मैत्री खेतीपाती र पशुपालनतिर लाग्न तयार हुनुपर्दछ । पर्यावरण र प्रकृतिको सन्तुलन कायम गर्न सकिएन भने जैविक खेती पनि कायम रहन पाउनेछैन भन्ने कुरालाई राम्रोसँग मनन र कार्यान्वयन गर्न तयार हुनुपर्दछ ।

यसमा अतिरिक्त प्रकृतिका अधिशासित नियमलाई सन्तुलनमा राख्न नसकेर या नजानेर प्रकृतिमाथि जथाभावी गर्दा बाढी-पहिरो, हिमपहिरो आदिका कारणले पनि जनधन र खेतीपातीमा ठूलो क्षति भइरहेको छ । त्यसैले विकास निर्माणहरू प्रकृति-मैत्री र मानव-मैत्री हुनुपर्ने आवश्यकता आज अझ बढ्न गएको छ । अहिले हामी भोटेकोशी-हिमपहिरोको महाविनाशकारी चपेटामा परेर ठूलो जनधनको क्षति भइरहेको स्थितिबाट गुज्रिरहेको अवस्थामा अब भविष्यमा यस्ता घटनाबाट कसरी जोगिने भन्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय चिन्ता र चासो बढिरहेको छ । त्यसैले प्रकृति-मैत्री र मानव-मैत्री खेतीपाती र विकास निर्माणको सही बाटो लाग्न थप चिन्तनशील र संवेदनशील हुनुपर्ने आवश्यकता अझ बढेको छ । प्रकृतिलाई जोगाउँदै र आफू पनि जोगिँदै अघि बढ्ने सही र वैज्ञानिक बाटोमा सघनताका साथ लाग्नु नै आजको सर्वोपरि आवश्यकता बनेको छ ।

# इन्द्रजात्राको सांस्कृतिक रौनक

संस्कृति



● अच्युतमान सिंह प्रधान

*वर्षा र सहकालका देवता इन्द्रको पूजा-आराधना गरी मनाइने इन्द्रजात्रा उपत्यकाको ऐतिहासिक र सांस्कृतिक धरोहर हो । लिङ्गो ठड्याएपछि सुरू हुने आठदिने जात्रामा कुमारी, गणेश र भैरवको रथयात्रा, विविध तान्त्रिक नृत्य तथा सांस्कृतिक रौनकले काठमाडौं उपत्यकालाई उल्लासमय बनाउँछ ।*

काठमाडौं उपत्यकाको मौलिक पहिचान, इतिहास र संस्कृतिसँग जोडिएको सबैभन्दा भव्य र उल्लासमय पर्व हो- इन्द्रजात्रा । वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आराधना गरी परम्परागत रूपमा मनाइने यो पर्व भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोकास्थित वसन्तपुर दरबार अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याएपछि औपचारिक रूपमा प्रारम्भ हुन्छ । आठ दिनसम्म निरन्तर चल्ने यस जात्रामा विभिन्न प्रकारका तान्त्रिक नाचगान, रथयात्रा, दीपप्रज्वलन तथा देवीदेवताको पूजाआजा गर्ने गरिन्छ ।

पौराणिक मान्यता अनुसार शत्रुमाथि विजय प्राप्त गरेको खुसीयालीमा विजयोत्सवका रूपमा इन्द्रजात्रा मनाउने परम्परा चलेको हो । यसलाई इन्द्रध्वजको पूजा गरी शक्ति आर्जन गर्ने र सो शक्तिको प्रदर्शन गर्ने पर्वका रूपमा पनि लिइन्छ । काठमाडौं उपत्यकाका साथै ललितपुर, भक्तपुर, धुलिखेल र दोलखा लगायतका स्थानमा पनि यो पर्व उत्साहका साथ मनाइन्छ ।

इन्द्रजात्राको मुख्य आकर्षण इन्द्रध्वजोत्थान अर्थात् लिङ्गो ठड्याउने प्रक्रिया हो । लिङ्गो तयार पार्ने कार्य आफैँमा तान्त्रिक र परम्परागत विधिमा आधारित हुन्छ । काभ्रेको नालास्थित जङ्गलमा तान्त्रिक विधिद्वारा पूजा गरी छोडिएको बोकाले छोएको रुखलाई भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ । त्यसपछि निश्चित साइत हेरेर लिङ्गोलाई उपत्यका भित्र्याइन्छ र एक रात भोटाहिटीमा राखेर एकादशीका दिन तयार पारिन्छ । द्वादशीका दिन लिङ्गो ठड्याएपछि त्यसको फेदमा तान्त्रिक विधिबाट भैरवको पूजा गरिन्छ ।

जात्राको मुख्य दिन अनन्त चतुर्दशीका अवसरमा हनुमानढोकास्थित गद्दी बैठक अगाडि जीवित देवीका रूपमा पूजित श्री कुमारी, श्री गणेश र श्री भैरवको भव्य रथयात्रा गराइन्छ । उक्त



अवसरमा राष्ट्रप्रमुख (राष्ट्रपति) स्वयं उपस्थित भई गद्दी बैठकबाट श्री कुमारी, गणेश र भैरवको दर्शन तथा रथयात्रा अवलोकन गर्ने परम्परा छ ।

इन्द्रजात्रा सुरु भएपछि आठै दिनसम्म काठमाडौंका गल्ली र डबलीहरूमा विविध सांस्कृतिक नाचहरूको रौनक छाउँछ । यस अवधिमा भक्कुनाच, महाकालीनाच, लाखेनाच, दशअवतार नाचका साथै देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाइन्छ । टोलटोलमा हात बाँधिएका इन्द्रको मूर्ति र आकाश भैरव (श्वेत भैरव) को प्रदर्शन गरी सर्वसाधारणलाई समयबजी र जाँडको प्रसाद वितरण गरिन्छ ।

यस पर्वको अर्को धार्मिक पक्ष अनन्तनाथ (भगवान् विष्णु) को पूजा आराधना पनि हो । भाद्र शुक्ल चतुर्दशीका दिन व्रत बसी चोखो धागोमा अनन्त मन्त्रण गरी बाँध्नाले वर्षभरि शुभ फल प्राप्त हुने जनविश्वास छ । साथै, श्रावण शुक्ल पूर्णिमा (जनैपूर्णिमा) का दिन कुनै कारणवश जनै मन्त्रन नपाएकाहरूले इन्द्रजात्राका दिन मन्त्रने शास्त्रीय विधान रहेको छ । जात्राका क्रममा उपत्यकाको पश्चिममा पर्ने दहचोकस्थित इन्द्रदहमा रातभर जाग्राम बसी भाद्र शुक्ल पूर्णिमाका दिन स्नान गरेर मेला भर्ने भक्तजनहरूको ठूलो घुइँचो लाग्छ ।

काठमाडौं महानगरपालिकाले यो पर्वको अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि विभिन्न देशका अतिथिहरूलाई निमन्त्रणा गरी जात्रा अवलोकन गराउने गर्दछ। काठमाडौं उपत्यकामा यस दिन सार्वजनिक बिदा दिइन्छ । अन्ततः इन्द्रध्वजाको लिङ्गो ठड्याएको आठौं दिन अर्थात् आश्विन कृष्ण चौँथीका दिन विधिपूर्वक लिङ्गो ढालिन्छ, जसलाई 'इन्द्रध्वज पातन' भनिन्छ । लिङ्गो ढालिएसँगै यो ऐतिहासिक, तान्त्रिक र लोकसांस्कृतिक जात्राको समापन हुन्छ ।

***(लेखक समाजशास्त्री हुन्।)***

## इतिहासको पाना

● सन्तोष खडेरी

# पहिलो संविधान र पद्मशमशेरको बहिर्गमन

नेपालको संवैधानिक इतिहासमा पहिलो संविधानका रूपमा वि.सं. २००४ मा महाराज पद्मशमशेरको पालामा 'नेपाल सरकार वैधानिक कानून २००४' जारी भएको थियो । वि.सं. २००२ मंसिरमा श्री ३ जुद्धशमशेरले राजपाट त्याग गरेपछि पद्मशमशेर महाराज बनेका थिए । उनले २००४ जेठ ६ गते बहादुरशमशेरको नेतृत्वमा 'विधान तर्जुमा समिति' (सुधार समिति) गठन गरे । पछि बहादुरशमशेरले राजीनामा दिएपछि समितिको नेतृत्व जनरल सिंहशमशेरले सम्हाले भने असारमा यसअन्तर्गत चारवटा उपसमिति बनाइयो ।

संविधान मस्यौदाका लागि पद्मशमशेरले भारतका अन्तरिम प्रधानमन्त्री जवाहरलाल नेहरूलाई विज्ञ पठाइदिन आग्रह गरे । सोहीबमोजिम २००४ जेठको अन्तिम साता तीन सदस्यीय भारतीय सल्लाहकार टोली नेपाल आयो । टोलीमा भारतको संविधानसभाका सदस्य श्रीप्रकाश, संयुक्त प्रान्तको विधानसभाका सदस्य एवं लखनऊ विश्वविद्यालयका डिन प्रा.डा. रामउग्र सिंह र रघुनाथ सिंह थिए ।

राणा परिवारभित्रबाट संविधान जारी नगर्न र पद्मशमशेरलाई पदबाटै हटाउनेसम्मको तीव्र दबाब थियो । तर, आफ्नो मर्यादा जोगाउन उनले रोलक्रमका भावी महाराज मोहनशमशेरसँग आन्तरिक सहमति गरे । पद्मशमशेरले संविधान घोषणा गर्ने र मोहनशमशेरले कार्यान्वयन गर्ने उक्त सहमतिबमोजिम २००४ माघ १३ गते विशालनगर दरबारबाट संविधान जारी गरियो ।



संविधान घोषणापछि फागुन ८ गते पद्मशमशेर भारततर्फ लागे। थानकोटबाट बिदा हुँदा अघिल्ला महाराजको तुलनामा निकै कम मानिस उपस्थित भएपछि उनी निराश बनेका थिए । सन् १९४५ नोभेम्बरदेखि सन् १९४८ अप्रिलसम्म श्री ३ महाराज रहेका पद्मशमशेर भारत गएपछि पुनः नेपाल फर्किएनन् । सत्ता राजनीतिको भद्र सहमतिअनुसार उनले भारतबाटै राजीनामा पठाए भने नेपालमा मोहनशमशेर नयाँ श्री ३ महाराज बने ।

भारत भ्रमणकै क्रममा सन् १९४८ मार्च २२ (वि.सं. २००४) मा इलाहाबाद विश्वविद्यालयले हीरक जयन्तीका अवसरमा पद्मशमशेरलाई मानार्थ 'डाक्टर अफ ल'को उपाधि प्रदान गऱ्यो । नेपालमा ज्ञान आर्जनको संरक्षकका रूपमा योगदान दिएको मूल्याङ्कन गर्दै विश्वविद्यालयकी कुलपति तथा संयुक्त प्रान्तकी गभर्नर सरोजिनी नायडूको उपस्थितिमा उपकुलपति डा. डी.आर. भट्टाचार्यले उनलाई सो उपाधि हस्तान्तरण गरेका थिए । कार्यक्रममा भट्टाचार्यले पद्मशमशेरलाई प्रसिद्ध सैनिक, दूरदर्शी राजनीतिज्ञ र धार्मिक शासकका रूपमा प्रशंसा गर्दै एसियामै उनको विशिष्ट स्थान रहेको उल्लेख गरेका थिए ।

# दशैंमा नेता–मन्त्रीको नजरमा पर्छ बलिया त्यसपछि फेरि ओझेलमा

**सप्तरी/मस-** दशैंको आगमनसँगै बलियाको करिब दुई शताब्दी पुरानो भगवती शक्तिपीठमा चहलपहल बढ्छ। टाढाटाढाबाट भक्तजन आउँछन्, जनप्रतिनिधि, सांसद र मन्त्रीहरू पुग्छन्, धार्मिक आस्थासँगै यसको संरक्षण र विकासका विषय उठ्छन्। केही दिनका लागि ऐतिहासिक धरोहर चर्चाको केन्द्र बन्छ। तर, दशैंको रौनक सकिएपछि भने बलियाको यो पुरानो शक्तिपीठ फेरि उही प्रश्नसँगै उभिन्छ- धार्मिक आस्थाको यो धरोहर कहिले व्यवस्थित रूपमा संरक्षण र विकास हुन्छ ?

महादेवा गाउँपालिका-४ बलियास्थित भगवती शक्तिपीठ तथा शिवजी लक्ष्मी नारायण मठ धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थल हो। ग्रामीण भेगमा अवस्थित यो मठले आन्तरिक पर्यटनको सम्भावना बोके पनि पर्याप्त प्रचार-प्रसार र आवश्यक पूर्वाधारको अभावमा अझै व्यापक रूपमा चिनिन सकेको छैन।

दशैंका बेला यहाँ पुग्ने राजनीतिक नेतृत्वले मठको अवस्था अवलोकन गर्नुका साथै संरक्षण र पूर्वाधार विकासका विषयमा चासो व्यक्त गर्ने गरेका छन्। स्थानीयका अनुसार विभिन्न समयमा यस्ता प्रतिबद्धता व्यक्त भए पनि तिनलाई



दीर्घकालीन योजनामा रूपान्तरण गर्न भने अझै बाँकी छ।

भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरीले प्रत्येक वर्ष पूजा-पाठका लागि रकम उपलब्ध गराउँदै आएको स्थानीय बताउँछन्। तर, मठको भौतिक संरचना, पहुँचमार्ग, खानेपानी, शौचालय, विश्रामस्थल तथा परिसर व्यवस्थापनलगायत पक्षमा थप काम आवश्यक रहेको उनीहरूको भनाइ छ।

सरकारी पर्यटनसम्बन्धी अभिलेखमा बलिया भगवती मठ करिब २७५ वर्ष पुरानो धार्मिक स्थल भएको उल्लेख छ। लामो समयदेखि स्थानीय बासिन्दाले भगवतीको आराधना गर्दै आएको यस मठमा विभिन्न धार्मिक अवसरमा श्रद्धालुहरू आउने गरेका छन्।

केही दिनअघि युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले समेत बलिया क्षेत्रको भ्रमण गर्दै धार्मिक स्थलको पूर्वाधार निर्माण तथा संरक्षणका विषयमा चासो लिने बताएका थिए। मन्त्रीको भ्रमणपछि स्थानीयले विकासको अपेक्षा गरेका छन्।

करिब दुई शताब्दी पुरानो धार्मिक धरोहरको इतिहास र महत्वलाई व्यवस्थित रूपमा संरक्षण तथा प्रचार गर्न सके बलियालाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिने स्थानीयको विश्वास छ।

दशैंमा हुने भ्रमण र व्यक्त हुने प्रतिबद्धतालाई स्थायी योजना, बजेट र कार्यान्वयनमा रूपान्तरण गर्नु नै अब मुख्य चुनौती हो। मठको संरक्षण र व्यवस्थित विकास गर्न सके यो महादेवा गाउँपालिका मात्र नभई सप्तरी जिल्लाकै धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको महत्वपूर्ण गन्तव्य बन्न सक्ने सम्भावना रहेको स्थानीयहरू बताउँछन्।

# फतुवा विजयपुरमा फेरि रोकियो नगरसभा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ भदौ




रौतहटको फतुवा विजयपुर नगरपालिकामा नगरसभा सञ्चालनलाई लिएर जनप्रतिनिधिहरूबीच चर्किएको राजनीतिक खिचातानी र अंकगणितीय दाउपेच पुनः सतहमा आएको छ। शनिबार साँझ स्थानीय विजयपुर माध्यमिक विद्यालयको प्राङ्गणमा डाकिएको नगरसभा आवश्यक गणपूरक संख्या नपुगेपछि अन्तिम समयमा आएर स्थगित भएको छ।

नगरपालिका प्रशासनका अनुसार साँझ करिब साढे ५ बजे बैठक सुरु गर्ने तालिका मिलाइएको थियो। बैठकमा सहभागी हुन केही जनप्रतिनिधिहरू विद्यालय परिसरमा भेला भए तापनि सभा सञ्चालनका लागि आवश्यक कानुनी अंकगणित नपुगेपछि प्रक्रिया अघि बढ्न सकेन। निर्वाचित प्रतिनिधिहरूलाई सभामा उपस्थित गराउन नगरपालिकाको आधिकारिक वेबसाइटमार्फत समेत पटक-पटक सूचना जारी गरिएको थियो। नगर प्रमुख गोपाल राय यादव भ्रष्टाचार अभियोगमा निलम्बनमा परेका कारण हाल उपप्रमुख अम्बेया खातुनले कार्यवाहक नगर प्रमुखको जिम्मेवारी सम्हाल्दै आएकी छन्।

पालिकाको संरचना अनुसार नगरसभामा कुल ६० जना सदस्य रहने व्यवस्था छ। तर नगर प्रमुख यादवको निलम्बन, वडा नम्बर ४ का एक सदस्यको निधन र वडा नम्बर ११ का एक सदस्य वैदेशिक रोजगारीमा रहेका कारण हाल तत्काल कायम रहेको सदस्य संख्या ५७ मा सीमित भएको छ।

कार्यवाहक नगर प्रमुख खातुन पक्षका अनुसार बैठक सञ्चालनका लागि नियमानुसार ३० देखि ३१ जना सदस्यको भौतिक उपस्थिति अनिवार्य थियो। तर शनिबारको बैठकमा करिब २५ जना मात्र उपस्थित भएपछि सभा स्थगनको घोषणा गर्नुपरेको दाबी गरिएको छ।

यता निलम्बित नगर प्रमुख यादव पक्षका जनप्रतिनिधिहरूले भने आफूहरूसँग ३२ जना सदस्यको स्पष्ट बहुमत रहेको र उनीहरू सबैले बैठक बहिष्कार गरेको दाबी गरेका छन्। वडा नम्बर ११ का अध्यक्ष ज्ञानेन्द्र चौधरीलगायतका जनप्रतिनिधिहरूले वर्तमान पालिका नेतृत्वको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि जनाउँदै आएका छन्।

यादव पक्षधर जनप्रतिनिधिहरूले कार्यवाहक नगर प्रमुखको नेतृत्वमा रहेको पालिका प्रशासनले स्थानीय जनता र जनप्रतिनिधिहरूका आधारभूत मागलाई बेवास्ता गरेको आरोप लगाएका छन्। पालिकाभित्र आर्थिक तथा प्रशासनिक अनियमितता भएको दाबी गर्दै उनीहरूले निष्पक्ष छानबिन र वित्तीय पारदर्शिताको ग्यारेन्टी नभएसम्म नगरसभाका कुनै पनि बैठकमा सहभागी नहुने अडान लिएका छन्।

उता कार्यवाहक नगर प्रमुख खातुन पक्षले भने पालिकाको प्रशासनिक खर्च, कर्मचारीको तलबभत्ता, विकास निर्माणका योजना तथा बजेट पारित गर्नका लागि नगरसभा अनिवार्य रहेको बताउँदै आएको छ। यसअघि पनि विद्युत् महसुल बक्यौता भुक्तानी र योजना बाँडफाँडको विषयलाई लिएर जनप्रतिनिधिहरूबीच विवाद उत्पन्न हुँदा नगरसभा लामो समय रोकिन पुगेको थियो।

# बाढी प्रभावितलाई चिनियाँ सहयोग




**काठमाडौं/मस-** भोटेकोशी बाढीबाट प्रभावितहरूलाई दैनिक उपभोगका अत्यावश्यक सामग्री प्रदान गर्ने क्रम जारी छ।

ग्रामीण विकाससम्बन्धी चिनियाँ संस्था 'चीन फाउन्डेसन फर रुरल डेभलपमेन्ट'ले रसुवा र नुवाकोटका बाढी प्रभावित समुदायलाई आवश्यक राहत सामग्री वितरण थालेको छ।

फाउन्डेसनका टोलीले रसुवाको कालिका गाउँपालिका र नुवाकोटको विदुर नगरपालिकाका दुर्गम र बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य तथा पोषणको अवस्था स्थिर बनाउन आवश्यक सामग्री पुर्‍याउने कार्यलाई तीव्रता दिएका छन्। बाढीबाट प्रभावित समुदायको पुनःस्थापना तथा सामान्य अवस्थामा फर्किने प्रक्रिया लामो हुने भएकाले तत्काल स्वास्थ्य र पोषणको आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिएको फाउन्डेसनले जनाएको छ।

फाउन्डेसनका अनुसार प्रभावित परिवारलाई आवश्यक सहयोग पुर्‍याउने उद्देश्यले राहत सामग्री वितरण कार्य जारी रहेको छ। विशेषगरी बाढीबाट बढी प्रभावित र पहुँच कठिन भएका बस्तीमा सामग्री छिटो पुर्‍याउन टोलीले समन्वय गरिरहेको छ।

फाउन्डेसनले खाद्य तथा स्वास्थ्य सामग्रीका साथै ४४९ थान सौर्यबत्ती प्रदान गरेको छ।

यसैबीच, चीनको मौसम विज्ञान प्रशासनले जलवायु पूर्वानुमानसम्बन्धी सूचना नेपाल सरकारलाई निरन्तर उपलब्ध गराउँदै आएको जनाएको छ।

# मनास्लु आधारशिविरको आमरण अनशन स्थगित




**काठमाडौं/मस-** मनास्लु आधारशिविरमा युवाहरूले तीन दिनदेखि गर्दै आएको आमरण अनशन स्थगित गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि अनशन स्थगित गरिएको दावा नुर्बु लामाले बताएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र एमक्यापले वार्ता तथा संवादमार्फत माग पूरा गर्ने व्यहोराको पत्र पठाएपछि अनशन स्थगित गरी टोली मनास्लु बेसक्याम्पबाट सामागाउँ फर्किएको अनशन टोलीका अगुवा लामाले जानकारी दिएका छन्।


जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण तथा हिमताल विस्फोटलगायतका खतराबाट बचन माग गर्दै उनीहरू गत शुक्रबारदेखि आमरण अनशनमा बसेका थिए। सामागाउँका ३६ वर्षीय दावा नोर्बु लामाको नेतृत्वमा निमा छिरिङ लामा, लेक्ष्य लामा, पासाङ नोर्बु लामा, छिरिङ फुन्सोक लामा, टासी डुण्डुप लामा, छेवाङ घ्यूर्मे लामा, छेवाङ बाबा लामा, कर्मा छिरिङ लामा, पेम्बा छिरिङ लामा र पेम्बा गुरुङ अनशनमा बसेका थिए।

उनीहरूले हिमाली गाउँबस्तीभन्दा माथि नयाँ ताल थपिँदै गएको तथा वीरेन्द्र काललगायत हिमतालको पानीको सतह बढिरहेकाले नियमित नापजाँच गर्ने प्रविधि जडान गर्नुपर्ने माग गरेका थिए। सम्भावित जोखिमबाट गाउँबस्तीलाई जोगाउन साइरन जडान गर्नुपर्ने र हिमाली क्षेत्रका विद्यालयमा जलवायु परिवर्तन तथा त्यसबाट बच्ने उपाय समेटिएको पाठ्यक्रम निर्माण गरी पठनपाठन गराउनुपर्ने उनीहरूको माग थियो।

त्यस्तै, भविष्यमा हिमताल विस्फोट हुनसक्ने जोखिमको अध्ययन, चीन-नेपाल सीमा क्षेत्रका तालको नियमित संयुक्त निगरानी तथा जलवायु क्षतिपूर्ति र न्यायको व्यवस्था गर्नुपर्ने मागसमेत उनीहरूले राखेका थिए।

अनशन स्थगित भएपछि युवाहरू सामागाउँ फर्किएका छन्। सरकार र सम्बन्धित निकायले माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएसँगै संवाद र वार्ताबाट समस्या समाधान हुने अपेक्षा गरिएको छ।

# शैक्षिक विकासका लागि प्रदेश सरकार र सुदूरपश्चिम विश्वविद्यालयबीच सहकार्य



**महेन्द्रनगर/मस-** सुदूरपश्चिम प्रदेश सरकार र सुदूरपश्चिम विश्वविद्यालयबीच शैक्षिक उन्नयन तथा समग्र शैक्षिक विकासका लागि प्रभावकारी समन्वय र सहकार्य गरिने भएको छ। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्ट र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा.किसनदत्त भट्टबीच प्रदेश सरकार र सुदूरपश्चिम विश्वविद्यालयबीच शैक्षिक तथा प्रशासनिक क्षेत्रमा सहकार्य र समन्वय अभिवृद्धि गर्ने विषयमा आइतबार छलफल भएको हो।

भेटघाटका क्रममा प्रदेश सरकार र विश्वविद्यालयबीच आपसी सहकार्य, समन्वय तथा सहयोगका विविध विषयमा छलफल भएको सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयका सूचना अधिकारी नविन बमले जानकारी दिए।

सुदूरपश्चिम प्रदेशको शैक्षिक विकासमा विश्वविद्यालयको भूमिकालाई थप प्रभावकारी बनाउने, प्रदेश सरकार र विश्वविद्यालयबीच शैक्षिक, प्रशासनिक तथा संस्थागत सहयोग आदानप्रदान गर्ने तथा प्रदेशको समग्र विकासमा विश्वविद्यालयको ज्ञान, जनशक्ति र अनुसन्धान क्षमतालाई उपयोग गर्ने विषयमा छलफल भएको सूचना अधिकारी बमले बताए।

'प्रदेश सरकार र विश्वविद्यालयबीच विद्यमान सम्बन्धलाई थप सुदृढ गर्दै शिक्षा, अनुसन्धान, मानव संसाधन विकास तथा अन्य साझा क्षेत्रमा सहकार्यका सम्भावनालाई विस्तार गरिनेछ', उनले भने। सो अवसरमा मुख्यमन्त्री भट्ट, भौतिक पूर्वाधार विकासमन्त्री ओमविक्रम भाट तथा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा.भट्ट र रजिष्ट्रार प्रा.डा.तारादत्त भट्ट सहभागी थिए।

# बेनी अस्पतालमा 'जनरल सर्जरी' सेवा विस्तार




**म्याग्दी/मस-** बेनीस्थित प्रदेश अस्पतालमा विशेषज्ञ 'जनरल सर्जरी' सेवा विस्तार भएको छ।

'एमबिबिएस, एमएस' (जनरल सर्जरी) चिकित्सक डा. अडिना बाटाजूबाट विशेषज्ञ जनरल सर्जरी सेवा उपलब्ध गराउन थालिएको अस्पतालले जनाएको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.हेमन्त बास्तोलाका अनुसार सेवा विस्तारसँगै अस्पतालमा विभिन्न रोगको शल्यक्रियाको व्यवस्था मिलाइएको हो।

अस्पतालमा गाँठागुँठी, लिपोमा तथा सिस्टको शल्यक्रिया, हर्निया तथा हाइड्रोसिल, एपेन्डिसाइटिस तथा एपेन्डिक्सको शल्यक्रिया, पायल्स, फिसर तथा फिस्टुलालगायत रोगको उपचार तथा शल्यक्रिया गरिने भएको छ।

त्यस्तै, घाउ तथा चोटपटकको उपचार तथा शल्यक्रिया, छाला तथा नरम तन्तुसम्बन्धी शल्यक्रिया र आकस्मिक तथा आवश्यक अन्य जनरल सर्जरी सेवा पनि उपलब्ध हुने अस्पतालले जनाएको छ।

डा. बास्तोलाले अस्पतालमा उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै विशेषज्ञ सेवा विस्तारलाई प्राथमिकता दिइएको बताएका छन्।

# म्याद गुज्रिएका खाद्यवस्तु बिक्री गर्नेलाई दुई लाख जरिवाना

**कास्की/मस-**पोखरा महानगरपालिका-९ नयाँबजार स्थित मोहित ट्रेडर्सले म्याद गुज्रिएका खाद्यवस्तु पुनः प्रशोधन गरी प्याकेजिङ गरेर बजारमा बिक्री वितरण गर्दै आएको पाइएपछि जिल्ला प्रशासन कार्यालय कास्कीले दुई लाख जरिवाना गरेको छ।




जिल्ला प्रशासन कार्यालय कास्कीको नेतृत्वमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा सो ट्रेडर्समा बिक्रीका लागि राखिएका अधिकांश खाद्यवस्तु म्याद गुज्रिएका तथा किराले खाएर खान अयोग्य अवस्थामा रहेको पाइएको हो। पसलको सरसफाइसमेत अत्यन्त कमजोर रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए।

अनुगमनका क्रममा म्याद गुज्रिएका चामललगायत खाद्यवस्तुलाई पुनः प्रशोधन गरी नयाँ प्याकेटमा प्याक गरेर बजारमा बिक्री गर्ने गरेकोसमेत पुष्टि भएपछि कानुनबमोजिम कारबाही गरिएको बरालले बताए। 'हामी बजारका ठूला खाद्यान्न पसलको अनुगमन गर्ने भनेर निस्किएका थियौं। सोही क्रममा मोहित ट्रेडर्समा जनस्वास्थ्यमा गम्भीर लापरवाही गरेको पाइएपछि कानुनअनुसार दण्डित गरेका छौं,' उनले भने।

म्याद गुज्रिएका तथा किराले खाएका खाद्यवस्तु बिक्रीका लागि राखिएको अवस्थामा भेटिएपछि अनुगमन टोलीले त्यस्ता सामग्रीको व्यवस्थापन तथा थप बिक्रीमा रोक लगाएको छ। रिफाइनिङ मेसिनसमेत महानगरपालिकाले जफत गरेको प्रशासनले जनाएको छ।

प्रशासनले बजारका अन्य केही ठूला खाद्य स्टोर्समा समेत अनुगमन गरेको थियो। अनुगमनका क्रममा खाद्यवस्तुको म्याद, गुणस्तर, भण्डारणको अवस्था, मूल्यसूची, सरसफाइ तथा उपभोक्ता स्वास्थ्यमा पर्न सक्ने जोखिमलगायत विषयमा निरीक्षण गरिएको थियो। दसैं, तिहारलगायत ठूला चाडपर्वका समयमा खाद्यवस्तुको माग बढ्ने भएकाले व्यापारीले अनुचित लाभ लिन सक्ने तथा बजारमा कृत्रिम अभाव र कालोबजारी हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर नियमित तथा आकस्मिक बजार अनुगमनलाई थप प्रभावकारी बनाइने सहायक प्रजिअ बरालले बताए।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०५**
यस कम्पनीको मिति २०८३।०५।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **नेशनल मल्टी सर्भिस एण्ड लिगल कन्सल्टेन्सी प्रा.लि. (दर्ता नं. ६९८६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।३१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **कन्चन एजुकेसन फाउण्डेशन महेन्द्रनगर कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०५**
यस कम्पनीको मिति २०८३।०५।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **लक्की ईम्पोट एण्ड एक्सपोंट प्रा.लि. (दर्ता नं. ८१९०१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लक्की ईम्पोट एक्सपोंट एण्ड लजिस्टिक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/०५**
यस कम्पनीको मिति २०८३।०५।२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **जी. सिक्स होल्डीङ्स प्रा.लि. (दर्ता नं. ३१८४४५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ए.पी. भेन्चर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काटाकुटी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना स्थगन गरिएको सम्बन्धी सूचना**
**प्रकाशित मितिः २०८३/०६/०५**

यस शैलुङ गाउँपालिकाको कार्यालयद्वारा मिति २०८३/०६/०२ गते 'मध्यान्ह' राष्ट्रिय दैनिकमा प्रकाशित विभिन्न निर्माण कार्यहरुको हार्डकपी (Hardcopy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउने बोलपत्र सम्बन्धी सूचना विशेष प्राविधिक कारणवश अर्को सूचना प्रकाशित नभए सम्मको लागि हाललाई स्थगन गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## एसियाली खेलकुद

# आशा गरिएका खेलाडी नै पदकविहीन




**काठमाडौं/मस-** जापानको आइची प्रिफेक्चरस्थित नागोयामा जारी २० औं एसियाली खेलकुदको पहिलो दिन नेपालका लागि अपेक्षाअनुसार परिणाम आउन सकेन । विशेषतः करातेबाट पदकको ठूलो आशा गरिएको भए पनि प्रमुख खेलाडीहरू निर्णायक चरणमा पराजित हुँदै पदकविहीन हुन पुगेका छन् ।

करातेतर्फ महिला कुमिते ६८ केजीमाथि तौल समूहमा नेपालकी स्टार खेलाडी एरिका गुरुङ सेमिफाइनल र त्यसपछिको कास्य पदक प्रतिस्पर्धा दुवैमा पराजित भइन् । सेमिफाइनलमा उनले कजाकस्तानकी पुरानी प्रतिद्वन्द्वी सोफ्या बेरुल्टसेभासँग २-१ को भिनो अन्तरमा हार व्यहोरेकी थिइन् । खेलमा सुरुमा १-० को अग्रता बनाएकी एरिका अन्तिम क्षणमा अंक गुमाउँदै फाइनल पुग्ने अवसरबाट वञ्चित भइन् । खेल सकिन करिब १६ सेकेन्ड बाँकी हुँदा दुवै पक्षले भिडियो रिभ्यु मागेपछि विपक्षीले अंक पाउँदै खेल आफ्नो पक्षमा पारेको थियो ।

त्यसपछि कास्य पदकका लागि भएको प्रतिस्पर्धामा पनि एरिका साउदी अरेबियाकी डिना अहमदसँग ८-७ ले पराजित भइन् । यसअघि क्वार्टरफाइनलमा भने उनले जोर्डनकी यारा नासेरलाई ७-१ ले हराउँदै प्रभावशाली प्रदर्शन गरेकी थिइन् । अघिल्लो संस्करणमा ऐतिहासिक रजत पदक जितेकी एरिकाबाट यसपटक पनि पदकको उच्च अपेक्षा गरिएको थियो ।

पुरुष कुमितेतर्फ पनि नेपालले निराशाजनक नतिजा भोग्यो । ५५ केजी तौल समूहका राकेश मानन्धर क्वार्टरफाइनलमा थाइल्यान्डका खेलाडीलाई ९-० ले हराउँदै सेमिफाइनल पुगेका थिए । तर सेमिफाइनलमा उज्बेकिस्तानका खालिमोभसँग ७-० ले पराजित भए । त्यसपछि कास्य पदकका लागि भएको खेलमा मलेसियाका कालियाना सुन्द्रामसँग ९-१ को फराकिलो अन्तरले हार्दै पदक हात पार्न सकेनन् ।

यस्तै ६० केजीमुनि तौल समूहका मीनबहादुर तामाङले पनि राम्रो सुरुवात गरेका थिए । उनले प्रि-क्वार्टरफाइनलमा हङकङका हिम चाउलाई ४-१ ले तथा क्वार्टरफाइनलमा कजाकस्तानका मिर्जाजोदा मोहम्मदलाई २-० ले हराउँदै सेमिफाइनल यात्रा तय गरेका थिए । तर सेमिफाइनलमा कुवेतका साबन अब्दुल्लाहसँग १०-० को एकतर्फी हार व्यहोरे । त्यसपछि कास्य पदकका लागि भएको खेलमा साउदी अरेबियाका अल्बाशेर साउद अब्दुलाजिजसँग २-० ले पराजित हुँदै उनी पनि पदकबाट वञ्चित भए ।

एकल काता विधामा सानुमाया थिङले पनि पहिलो चरण पार गर्न सकिनन् । उनले दक्षिण कोरियाकी ह्युन चोईसँग ५-० ले पराजय भोगिन् । उता उसु (वुशु) खेलतर्फ पुरुष चाङछ्वान विधामा विजय सिँजाली १९औं स्थानमा सीमित रहे ।

यता समूह चरणमा जापान र इन्डोनेसियासँग सोझो सेटमा पराजित भएको महिला भलिबल टोलीले क्लासिफिकेसन चरणमा कीर्गिस्तानविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै सोझो सेटमा जित निकालेको छ । नेपालले पहिलो सेट २५-२०, दोस्रो सेट २५-१६ र तेस्रो सेट २५-२० ले जित्दै खेल आफ्नो पक्षमा पार्‍यो ।

उक्त खेलमा मिडल ब्लकर सुमित्रा रेग्मीले सर्वाधिक १२ अंक जोडिन् । त्यस्तै सलिना बुढा मगर, सुनिता खत्री र उषा भण्डारीले समान ९-९ अंक योगदान दिए । यस जितसँगै नेपालले प्रतियोगितामा मनोबल उकास्ने प्रयास गरेको छ । अब नेपालले ९ देखि १२औं स्थानका लागि हङकङसँग प्रतिस्पर्धा गर्नेछ । यद्यपि पदकको दौडबाट बाहिरिसकेको नेपाली महिला भलिबल टोलीका लागि अब बाँकी खेलहरू प्रतिष्ठाका लागि मात्र रहनेछन् ।

# अन्तरविद्यालय बास्केटबल आजदेखि




**काठमाडौं/मस-** यु-१६ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आज सोमबारदेखि काठमाडौंमा सुरु हुने भएको छ ।

नेपालमा बास्केटबल खेलको विकास, विस्तार तथा प्रवर्धनलाई थप संस्थागत र प्रभावकारी बनाउँदै विद्यालय तथा युवा तहमा रहेका प्रतिभालाई राष्ट्रिय खेलकुदको मूल प्रवाहमा जोड्ने उद्देश्यले नेपाल बास्केटबल संघ, नेपालय इन्टरनेसनल र प्याब्सनको संयुक्त आयोजनामा उक्त प्रतियोगिता गर्न लागिएको हो ।

त्रिपुरेश्वरसिथत राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा हुने सो प्रतियोगिता यही असोज १३ गतेसम्म सञ्चालन हुने नेपालय इन्टरनेसनलका अध्यक्ष सुभाषचन्द्र प्रधानले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए ।प्रतियोगितामा देशभरबाट ४० टोलीको सहभागिता रहनेछ। विद्यालय तथा युवा तहमा बास्केटबलप्रति बढ्दो आकर्षण, प्रतिभावान् खेलाडीको पहिचान, विकास र प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उनले बताए ।

प्रतियोगितालाई केवल प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रमका रूपमा मात्र नभई विद्यालय तहबाटै प्रतिभा पहिचान गरी राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने महत्वपूर्ण आधारका रूपमा अघि बढाउने लक्ष्य लिइएको प्याब्सनका उपमहासचिव तथा अतिरिक्त क्रियाकलाप संयोजक भुवनलाल श्रेष्ठले बताए ।

उनले भने, 'खेलाडीमा अनुशासन, नेतृत्व क्षमता, टिम भावना, स्वस्थ प्रतिस्पर्धा र खेलकुद संस्कारको विकास गर्दै नेपालको बास्केटबलको दीर्घकालीन विकासमा योगदान पुर्‍याउने उद्देश्य रहेको छ ।'

विशेषगरी यु-१६ तहका खेलाडीको प्रतिभा पहिचान तथा छनोटलाई प्रतियोगिताको महत्वपूर्ण उद्देश्यका रूपमा अघि बढाइएको छ । प्रतियोगिताका क्रममा उत्कृष्ट प्रदर्शन गर्ने तथा सम्भावना देखाएका खेलाडीलाई थप प्रशिक्षण, मूल्यांकन र विकासको प्रक्रियामा समेट्दै भविष्यमा राष्ट्रिय टोली निर्माण गर्ने आधार तयार गर्ने लक्ष्य लिएको अध्यक्ष प्रधानले बताए ।

उनले भने, 'पहिचान तथा विकास गरिएका प्रतिभावान् खेलाडीबाट सक्षम यु-१६ राष्ट्रिय टोली तयार गरी आगामी दक्षिण एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व गराउने उद्देश्यलाई विशेष प्राथमिकताका साथ अघि बढाइएको छ ।'


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/२५ मा दर्ता भएको **प्रा.लि. नं. २७६६०४** को **अंशु इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८३/०६/०३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: एक नारायण पौडेल,**
**इजाजत पत्र नं. ५६६, ठेगाना : आँधिखोला-२ स्याङ्जा, फोन नं. ९८४६०६०७५३**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०८/२३ मा दर्ता भएको **प्रा.लि.नं. ३१८८७/०६१/०६२** को **दिगम्बर ट्रेड एण्ड कन्सर्न प्रा. लि.** को मिति २०८३/०६/०४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर : विरेन्द्र शिवाकोटी,**
**इजाजत पत्र नं. २६७, ठेगाना : काठमाडौं, फोन नं. ९८५१०५५२४९**

## साउदीमा रोजगार

कम्पनी : **Topaz Restaurant and Kitchen to Serve Meals** शहर: **SAUDI**
पूर्व स्वीकृत मिति: २०८३/०६/०२ चलानी नं.: ६०२६१३६५ **LT. No.: 347058**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब (SR) | मासिक तलब (ने. रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४८९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

